# जिल्लास्तरिय कार्यक्रम सञ्चालन निर्देशिका

## आ.व.२०७२/७३



नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

**स्वास्थ्य सेवा विभाग**

**इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा**

**टेकु, काठमाण्डौ**

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाण्डौं

फोन नं ४२६१७१२
फ्याक्स :४२६२०३८

पत्र संख्या :
च. नं. :

मिति : ....................

मन्तव्य

मुलुकका सबै जनताहरुले सहज र सर्वसुलभ ढंङ्गले गुणस्तरिय तथा प्रभावकारी स्वास्थ्य सेवा उपभोग गर्न पाउन भन्ने उद्धेश्यले स्वास्थ्य सेवा विभागले विभिन्न महाशाखा तथा केन्द्रहरु मार्फत स्वास्थ्य सम्वन्धि विभिन्न कार्यक्रमहरु सम्पादन गर्नको लागि निर्देशनात्मक तथा नेतृत्वदायी भुमिका निर्वाह गर्दै आईरहेको छ । यसै सन्दर्भमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार पारेको प्रचलित ऐन-कानुन तथा नीति-नियमहरुको परिधि भित्र रहेर स्वास्थ्य सेवा विभागले विभिन्न निर्देशिकाहरु तयार पार्ने कार्यलाई निरन्तरता दिदै आईरहेको छ ।

स्वास्थ्य सेवा विभाग ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जिल्ला तहमा सम्पादन हुने स्वास्थ्य कार्यक्रमको नियमित र प्रभावकारी कार्यान्वयन गराउने उद्धेश्यका साथ कार्यक्रम सञ्चालन निर्देशिका प्रकाशन गरेको छ । यस निर्देशिकाको प्रयोगबाट ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा अन्तरगतका कार्यक्रमहरु सफलता पूर्वक सम्पन्न हुने छन भन्ने विश्वास लिएको छु ।

अन्तमा यस निर्देशिका तयार पार्ने प्रमुख योगदान प्रदान गर्नुहुने ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. बाबुराम मरासिनि तथा वहाँको टिमलाई धन्यवाद व्यक्त गर्दछु ।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग टेकु, काठमाडौं

..............................
डा. सेनेन्द्र राज उप्रेती
महानिर्देशक
महा-निर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**स्वास्थ्य सेवा विभाग**
इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा
टेकु, काठमाण्डौं

फोन नं ४२५५७९६
फ्याक्स :४२६२२६८

पत्र संख्या :
च. नं. :

मिति : ....................

## मन्तव्य

नेपालको संविधान २०७२ ले आधारभुत स्वास्थ्य सेवालाई जनताको मौलिक हकको रुपमा स्थापित गरेको छ । बदलिंदो जीवनशैली, खानपिन, प्रतिकूल वातावरणिय अवस्था आदि जस्ता कारणहरुले गर्दा सदियौं देखिका स्वास्थ्य समस्याहरुको अतिरिक्त Emerging, Re-emerging र Newly emerging disease को समस्या समेत चुनौतीको रुपमा देखिई रहेको छ ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले चालु आ.व. को स्वीकृत वजेट तथा कार्यक्रमहरु अन्तरगतका क्रियाकलापहरुलाई जिल्ला तहमा प्रभावकारी रुपले सम्पन्न गर्ने उद्धेश्यका साथ "जिल्लास्तरिय कार्यक्रम सञ्चालन निर्देशिका" तयार पारिएको छ ।

जिल्लास्तरमा सञ्चालन गरिने कार्यक्रमहरुलाई सरल, सहज र सफलता पूर्वक सम्पन्न गरि गुणस्तरिय स्वास्थ्य सेवालाई सबैको पहुँचमा पुऱ्याउने अभियानमा यो निर्देशिका सहयोगी हुने अपेक्षा गरिएको छ ।

जिल्ला तहमा विनियोजित वजेटबाट कार्यक्रम सञ्चालन गर्न वजेट खर्च गर्न, तोकिएको समय भित्र, तोकिएको ढाँचामा प्रगति प्रतिवेदन तयार पारि प्रषित गर्नको लागि यो निर्देशिका उपयोगी हुने विश्वास प्रकट गर्दै यसलाई अझै प्रभावकारी बनाउनको लागि सम्वद्ध सबै पक्षबाट सुझाव र सल्लाहको अपेक्षा राखेको छु ।

अन्तमा यो निर्देशिका तयार पार्न योगदान पुऱ्याउने सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

डा. बाबुराम मरासिनी
निर्देशक

## बजेट खर्चसम्बन्धि नेपाल सरकारका आधार र मापदण्डहरु

एकिकृत जिल्ला स्वास्थ्य कार्यक्रम (इपिडिमियोलोजी, औलो,कालाजार नियन्त्रण तथा प्राकृतिक प्रकोप व्यवस्थापन) को आ.व. २०७२/७३ जिल्लास्तरको स्विकृत कार्यक्रम मा रहेका क्रियाकलापहरु व्यवस्थित तथा पारादर्शी रुपमा सञ्चालन गर्न सहयोग पुऱ्याउनु यस निर्देशिकाको मुख्य उद्देश्य हो । कार्यक्रम सञ्चालन गर्दा यस निर्देशिकाको प्रयोगको साथै निम्न कुराहरुलाई ध्यान दिनुपर्छ ।

१) चालु र पूजिगत अन्तरगतका क्रियाकलापहरु सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, आर्थिक कार्यविधि ऐन २०५५, आर्थिक कार्यविधि नियमावली २०६४ र अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७०, भ्रमणखर्च नियमावली २०६४ को (चौथो संसोधन २०७२) मा उल्लेखित खर्च सम्वन्धि नर्म्स/मापदण्डको परिधी भित्र रही खर्च गर्नु पर्नेछ ।

२) कीटजन्य रोग नियन्त्रणकार्यक्रम संचालनको जिम्मेवारी भेक्टर कन्ट्रोल निरिक्षक/भेक्टर कन्ट्रोल सुपरभाइजरको हुनेछ । अन्य कार्यक्रम संचालनको जिम्मेवारी RRT रिपोर्टिङ्ग फोकल पर्सनको हुनेछ ।

३) EWARSसेन्टिनेल साईट कायम भएका अस्पतालहरुमा EWARS सम्वन्धि कार्यक्रमकोफोकल पर्सन मेडिकल रेकर्डर हुनेछ ।

४) कार्यक्रम संचालन गर्दा वार्षिक कार्यक्रम र वजेट अख्तियारी प्राप्त भएपछि जिल्ला जनस्वास्थ्य/जिल्ला स्वास्थ्य कार्यालय आफैले वजेटको परिधि भित्र रही तल दिइएको कार्यक्रम संचालन निर्देशिका वमोजिम प्रत्येक कार्यक्रमको अनुमानित लागत/खर्च योजना/बाँडफाँड तयार गरी स्विकृत गराई खर्च गर्नु पर्नेछ ।

**तालिका १ : जिल्लास्तरमा कार्यक्रम सञ्चालन गर्दा गर्न सकिने खर्च विवरण**

| प्रयोजन | प्रति | दर | |
|---|---|---|---|
| | | जिल्ला स्तर | समूदाय स्तर |
| कार्यक्रम प्रस्तोता | प्रति व्यक्ति | ६००।०० | ५००।०० |
| प्रशिक्षक | प्रति व्यक्ति | ५००।०० | ४००।०० |
| खाजा | प्रति सहभागी | १५०।०० | १५०।०० |
| कार्यक्रम संयोजक | प्रति व्यक्ति | ४००।०० | ३००।०० |
| मसलन्द सहभागी(स्टेशनरी) | प्रति सहभागी | १००।०० | ५०।०० |
| मसलन्द प्रशिक्षक | प्रति व्याच | १०००।०० | १०००।०० |
| सहयोगी भत्ता | प्रति व्यक्ति | १५०।०० | १५०।०० |
| म.स्वा.स्वं.से./स्वयं से. | प्रति व्यक्ति यातायात खर्च | ४००।०० | अभियानमा परिचालन |
| | | २००।०० | गोष्ठी,तालिम |
| विविध | प्रति व्याच | १०००।०० | ५००।०० |
| हल भाडा | प्रति दिन | प्रचलित वजार दर | प्रचलित वजार दर |
| दैनिक भ्रमण भत्ता | नेपाल सरकारको नियमानूसार | | |

## बिषय सुची


| सि.नं. | क्रियाकलाप | पेज नं. |
|---|---|---|
| १ | नया लागु भएका पचास सेन्टीनेल साईटहरुको लागी कम्युनिटी सम्मको रोग सम्वन्धित ईनफरमेशन कलेक्सन (सूचना संकलन) गर्नको लागी ल्यापटप खरिद– BNJ | 7 |
| २ | नया स्थापना हुने र पुरानाभइरहेका इवार्स सेन्टिनेल साइटहरुका लागी कार्य संचालन तथा अन्य खर्च– BNJ | 8 |
| ३ | पब्लिक, प्राइभेट सेक्टरमा कार्यरत (पारामेडिकल र मेडिकल प्राक्टीशनरहरुलाई प्रकोप जन्य रोगहरुको वारेमा अभिमुखिकरण | 8 |
| ४ | महामारि तथा विपद् व्यवस्थापनको लागि रेपिड रेस्पोन्स टीम सहित फिल्ड कार्यक्रम सचालन | 9 |
| ५ | इन्ट्रिग्रेटेड डिजिज सर्भिलेन्स अन्तर्गत महामारीजन्य रोगको द्रूत सूचना प्रवाह गर्ने कार्यक्रमहरु | 10 |
| ६ | सिकलसेलका विरामीहरूलाइ उपचार तथा रोगको व्यवस्थापन गर्ने | 10 |
| ७ | महामारी तथा प्रकोप व्यवस्थापनको लागि पाँच विकास क्षेत्र तथा जिल्लाहरुमा अनुगमन कार्य गर्ने | 11 |
| ८ | औलो नियन्त्रण कार्यक्रमका लागी विभिन्न वातावरणीय व्यवस्थापन गर्ने | 11 |
| ९ | डेंगू तथा चिकन गुनिया रोग नियन्त्रण गर्न लामखुट्टेको वास स्थान खोजी गरी लार्भा नष्ट गर्ने अभियान संचालन गर्ने | 11 |
| १० | औलो रोगको माहामारी हुन सक्ने सम्भिवत क्षेत्रहरुको छनौट गरी बिषादि छर्कने | 12 |
| ११ | शंकास्पद औलो रोगीहरुकोरक्त नमुना संकलन गरी उपचार तथा केशको निगरानी गर्ने | 14 |
| १२ | किटनाशक विषादि छिड्काउ पम्प मर्मत सम्भार गर्ने | 15 |
| १३ | औलो रोग नियन्त्रणकालागि औषधि तथा झुलहरू | 15 |

| सि.नं. | क्रियाकलाप | पेज नं. |
|---|---|---|
| | जिल्लाबाटविभिन्न स्वास्थ्य संस्थाहरुमा आपुर्ति गर्ने | |
| १४ | औलो रोग नियन्त्रणकालागी आवश्यक विभिन्न सामानहरु (प्रयोगशालालाई तथा औलो फाँटको लागी आवश्यक अन्य सामानहरु) खरीद गर्ने | 15 |
| १५ | औलो नियन्त्रण कार्यक्रमकोसुपरीवेक्षण, अनुगमन एवम् मूल्यान | 15 |
| १६ | कालाजार स्प्रेईगः कालाजार हुने जिल्लाका प्रभाबित क्षेत्रमा | 16 |
| १७ | कालाजारका रोगीको उपचार तथा केश बेश सर्भिलेस | 17 |
| १८ | कालाजारका विरामीहरूलाइ यातायात खर्चउपलब्ध गराउने | 17 |
| १९ | महामारि तथा प्रकोप व्यवस्थापन गर्नको लागी जिल्ला स्वास्थ्य कार्यालय जिल्ला तथा पाच वटा क्षेत्रिय स्वास्थ्य निर्देशनालयहरूमा वफर स्टक राख्नको लागि औषधि जन्य सामग्री खरिद | 18 |
| २० | हात्ती पाइलेको औषधि खुवाउने कार्य प्रचार प्रसारका लागि पत्रकार र स्थानीय तहमा अन्तरक्रिया, माइकिङ र स्कुलशिक्षा कार्यक्रम सञ्चालन गर्ने | 19 |
| २१ | हात्ती पाइले रोग विरुद्धको औषधि खुवाउने अभियान (एम.डि.ए)को समीक्षा तथा योजना गोष्ठी | 24 |
| २२ | विभिन्न जिल्ला तथा अस्पतालहरुमा हाइड्रोसिलका बिरामीहरुको अप्रेशन गर्ने / हात्ती पाइले रोग निवारण अभियानमा LSTM/CNTD को प्राविधिक तथा आर्थिक सहयोग | 26 |
| २३ | हात्ती पाइले विरुद्धको औषधि खान योग्य सबै व्यक्तिहरुलाई औषधि खुवाउने (एम्. डी. ए.) र औषधि सेवनबारे परामर्श सेवा दिने | 29 |
| २४ | हात्ती पाइले रोग निवारण कार्यक्रमको औषधि सेवनबाट गम्भीर असर देखिएकाहरुलाई उपचार गर्ने | 30 |

| सि.नं. | क्रियाकलाप | पेज नं. |
|---|---|---|
| २५ | केन्द्रले सञ्चालन गर्ने हात्ती पाइलेबिरुद्धको आम औषधि सेवन अभियानको योजना तर्जुमा तथा समिक्षा गोष्ठीमाजिल्लाबाट भाग लिनेहरुको दैनिक भ्रमण तथा यातायात खर्च | 31 |
| २६ | हात्ती पाइले रोग विरुद्धको औषधि खुवाउने अभियान (एम.डि.ए) मा आर टी आई–एन टी डीबाट आर्थिक तथा प्राविधिक सहयोग | 32 |
| २७ | हात्ती पाइले बिरुद्धको आम औषधी सेवान अभियानको प्रचार प्रसार गर्ने | 32 |
| २८ | हात्ती पाइले रोग बिरुद्द को औषधी खुवाउने अभियान कार्यक्रम सुपरिबेक्षण तथा अनुगमन गर्ने | 32 |
| २९ | औशधी तथा अन्य सामग्री जिल्ला बाट गा बि स सम्म ढुवानी गर्ने स्वयम सेबक लाई झोला तथा ब्यानर बनाउने | 33 |

## १ नया लागु भएका पचास सेन्टीनेल साईटहरुको लागी कम्युनिटी सम्मको रोग सम्वन्धित ईनफरमेशन कलेक्सन (सूचना संकलन) गर्नको लागी ल्यापटप खरिद

आ.व. २०७२।७३ मा यस महाशाखाले सञ्चालन गरिरहेको EWARS को सेन्टिनेल साईटहरु विस्तार गर्ने कार्यक्रम अन्तरगत नयाँ लागु भएका साईटहरुलाई तोकिएका रोगका बिरामीहरुको तथ्यांक विद्युतिय माध्ययमबाट समयमै यस महाशाखामा उपलब्ध गराउन अस्पतालका मेडिकल रेकर्डरहरुको लागि ल्यापटप कम्प्युटरखरिद गर्न वजेटको व्यवस्था गरिएको छ । नेपाल सरकारको सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार दिईएको Specification बमोजिमको ल्यापटप कम्प्युटर खरिद गर्नुपर्नेछ । यसका लागि नयाँ साईटहरु लागु भएका जिल्लामा बजेट विनियोजन गरिएको छ । खरिद पश्चात दाखिला रिपोर्ट सहितको प्रतिवेदन क्षेत्रीय स्वास्थ्यनिर्देशनालय र इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखामा पठाउनु पर्नेछ ।

**Technical Specifications for Laptop**

| SN | Item | Description |
|---|---|---|
| 1. | Eligible Brands | Dell, Sony, HP, Lenovo, ACER and any others |
| 2. | Processor | Intel Core i5 3rdGeneration |
| 3. | Chipset | Intel Express Chipset family |
| 4. | Cache | 6 MB Smart Cache |
| 5. | Display | 14.1" LED Display |
| 6. | Memory | 4 GBDDR3-1333MHz SDRAM [2 DIMMs] |
| 7. | Hard Disk Drive | Minimum 500 GB 5400 RPM SATA |
| 8. | Optical | DVD RW Super Drive |
| 9. | Video Adapter | Integrated Intel Graphics Media Accelerator |
| 10. | Network | Internal 10/100/1000 Gigabit Ethernet Network Interface,802.11b/g/n compatible wireless, Bluetooth |
| 11. | Webcam | Integrated 2.0 MP Camera or higher |
| 12. | I/O Ports | USB2.0, USB3.0, VGA, HDMI, Head Phone, Integrated Card reader |
| 13. | Battery | 6 Cell Li-ion Battery pack |
| 14. | Operating System | Windows 7 Professional |
| 15. | Warranty | Minimum 2 Years |

## २ नयाँ स्थापना हुने र पुरानाभइरहेका इवार्स सेन्टिनेल साइटहरुका लागी कार्य संचालन तथा अन्य खर्च

इवार्स सेन्टिनल साइट कायम भएका अस्पतालहरुमा रिपोर्टिङ्ग कार्यमा प्रयोग हुने इन्टरनेट अपडेट गर्न, डाटाकार्ड रिचार्ज गर्न, कम्प्युटर मर्मत गर्न, प्रिन्टर खरीद तथा मर्मत गर्न, रिपोर्टिङ्ग कार्यमा आवस्यक पर्ने अन्य सामान खरीद तथा मर्मत गर्न यो रकम खर्च गर्न सकिनेछ । यो शिर्षकको रकम जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय मार्फत पठाइएको छ र उक्त रकम तहाँवाट इवार्स सेन्टिनल साइट कायम भएका सोही जिल्लाका अस्पताललाई उपलव्ध गराउनु पर्नेछ । कार्यक्रम सञ्चालनको सम्पूर्ण जिम्मेवारी मेडिकल रेकर्डर/अधिकृतको हुनेछ ।

साथै केन्द्र तथा अन्य सेन्टिनेल साइटमा सुचना प्रवाहका लागि प्रति महिना रु. ३०० प्रति सेन्टिनेल साईट मोवाईल रिचार्ज कार्ड मेडिकल रेकर्डरका लागि यो शिर्षकबाट खर्च गर्न सकिने छ ।

## ३ पब्लिक, प्राइभेट सेक्टरमा कार्यरत (पारामेडिकल र मेडिकल प्राक्टीशनरहरुलाई प्रकोप जन्य रोगहरुको वारेमा अभिमुखिकरण

एक समुहमा ३०-३५ जना सम्म सहभागी हुनेछन् ।
सहभागी : पब्लिक तथा प्राईभेट क्षेत्रका चिकित्सक तथा स्वास्थ्यकर्मीहरु ।
प्रशिक्षक : जिल्ला जन/स्वास्थ्य प्रमुख तथा सम्वन्धित विषयका फाँट प्रमुखहरु३/४ जना ।
कार्यक्रम संचालन सहयोगी : लेखा, प्रशासन तथा का.स. २ जना
अभिमुखिकरण/अन्तरकृया अवधि : १ दिन
स्थान : सम्वन्धित जिल्लाले आवश्यताअनुसार छनोट गर्ने ।

## ४ महामारि तथा विपद् व्यवस्थापनको लागि रेपिड रेस्पोन्स टीम (RRT) सहित फिल्ड कार्यक्रम सचालन

जिल्लाको कुनै पनि स्थानमा सरुवा रोगको महामारी तथा प्रकोप देखा परेमा सो को व्यवस्थापन गर्न र्‍यापिड रेस्पोन्स टीम परिचालन गर्दा यो रकम खर्च गर्नुपर्नेछ । त्यस्तो टीममा चिकित्सक, स्वास्थ्यकर्मी र प्रयोगशाला प्राविधिक अनिवार्य रुपले तथा अन्य सदस्य आवश्यकता अनुसार परिचालन गर्नु पर्नेछ । टीमका सदस्यको दै.भ्र.भ., औषधि सामग्री ढुवानी गर्न तथा र्‍यापिड रेस्पोन्स टीमलाई लिई जान आउन गाडी भाडामालिनका लागि यो रकम खर्च गर्न सकिनेछ ।

खानेपानी सुरक्षा योजना लागु भएका कास्की, तनहुँ, गुल्मी र नवलपरासी जिल्लाका क्रमश देउराली, आँवुखैरेनी, तम्घास र अमरापुरी गा.वि.स.को खानेपानीको गुणस्तर सर्भिलेन्स कम्तीमा वर्षको २ पटक सम्वन्धित जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयले गर्नु पर्नेछ । उक्त शिर्षकको रकम खानेपानी गुणस्तर सर्भिलेन्स गर्न दै.भ्र.भत्तामा समेत खर्च गर्न सकिनेछ र सर्भिलेन्स कार्यको जिम्मेवारी जिल्ला स्वास्थ्य/जनस्वास्थ्य प्रमुख, RRT रिपोर्टिङ्ग फोकल पर्सन, ल्याव टेक्निसियन/ल्याव असिष्टेन्ट र सम्वन्धित गा.वि.स.मा अवस्थित प्रा.स्वा.केन्द्र प्रमुख/स्वास्थ्य चौकी प्रमुखको हुनेछ ।

साथै यो रकमवाट महामारी/प्रकोप व्यवस्थापन पूर्व तयारीका लागि आर्थिक वर्षको तेश्रो चौमासिकमा एक पटक स्वास्थ्यसंग अन्तरसम्वन्ध भएका निकायहरुको महामारी/प्रकोप व्यवस्थापन पूर्व तयारी समितिका सदस्यहरुको प्रतिनिधित्व गराई वहु निकाय अन्तरकृया कार्यक्रम समेत संचालन गर्नु पर्नेछ । कार्यक्रममा ३५ जना सहभागी, ५ जना प्रशिक्षक, कार्यक्रम संयोजक १ जना र कार्यालय सहयोगी १ जना रहनेछन् ।

महामारी सुचना प्रवाहको लागि RRT फोकल पर्सनलाई प्रति महिना रु. ३०० का दरले मोवाईलको रिचार्ज कार्ड खर्च यसै कार्यक्रमको रकमबाट उपलव्ध गराउनु पर्नेछ ।

## ५ इन्ट्रिग्रेटेड डिजिज सर्भिलेन्स अन्तर्गत महामारीजन्य रोगको द्रूत सूचना प्रवाह गर्ने कार्यक्रमहरु

जिल्लाका कुनै पनि स्थानमा प्रकोपको रुपमा देखिने सरुवा रोगका विरामीहरुको संख्या अनुमान गरे भन्दा वढीको संख्यामा देखिएमा वा सरुवा रोगको प्रकोप देखिएमा त्यस्ता रोगवाट प्रभावितहरुको रिपोर्टिङ्ग जिल्ला स्वास्थ्य/जन स्वास्थ्य कार्यालय मार्फत यस महाशाखामा २४ घण्टा भित्र गरि सक्नु पर्दछ । रिपोटिङ्ग फ्याक्स,इमेल,टेलिफोनद्वारा गर्नु पर्ने हुन्छ र सो का लागि यो रकम खर्च गर्न सकिनेछ । साथै सरुवा रोगको प्रकोप देखिएको अवस्थामा सूचना सन्देश प्रवाह तथा प्रशारणका लागि समेत यो रकम खर्च गर्न सकिनेछ ।

## ६ सिकलसेलका विरामीहरूलाइ उपचार तथा रोगको व्यवस्थापन गर्ने

**जिल्ला स्वास्थ्य/जन स्वास्थ्य कार्यालय तर्फ**

सिकलसेल एनिमियाको विरामीहरु देखिएको जिल्लामा कार्यरत स्वास्थ्यकर्मीहरु मध्ये चिकित्सक, ल्याव असिस्टेन्ट/टेक्निसियन, हेल्थ पोष्ट इन्चार्जहरुलाई सिकलसेल एनिमिया रोगको बारेमा १ दिनको अभिमुखिकरण कार्य सम्पन्न गर्ने प्रायोजनको लागि यो रकम खर्च गर्न सकिने छ ।

**अञ्चल/उपक्षेत्रिय/क्षेत्रिय अस्पताल/अन्य अस्पताल तर्फ**

अञ्चल/उपक्षेत्रिय/क्षेत्रिय अस्पताल/अन्य अस्पतालहरु लाई उपलव्ध कार्यक्रम अन्तरगत उक्त क्षेत्रमा कार्यरत मेडिकल कलेज तथा प्राइभेट अस्पतालहरुलाई समेत सहभागी गराई चिकित्सक, स्वास्थ्यकर्मिहरु, नर्सिङ्ग कर्मचारीहरुलाई लक्षित गरि सिकलसेल एनिमिया रोगको बारेमा १ दिनको अभिमुखिकरण कार्य सम्पन्न गर्ने प्रयोजनको लागि यो रकम खर्च गर्न सकिने छ ।

## ७ महामारी तथा प्रकोप व्यवस्थापनको लागि पाँच विकास क्षेत्र तथा जिल्लाहरुमा अनुगमन कार्य गर्ने

महामारी/प्रकोप व्यवस्थापन पुर्व तयारी कार्य तथा प्रकोपको अवस्थामा प्रकोप व्यवस्थापन कार्य गर्न तथा पुर्व तयारीका लागि RRTपरिचालन गर्न यो रकम खर्च गर्न सकिने छ  साथै प्रकोपको अवस्थामा बहुनिकाय समन्वयका माध्ययमबाट व्यवस्थापन कार्य गर्न बहुनिकाय अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्न समेत यो रकम खर्च गर्न सकिने छ ।

## ८ औलो नियन्त्रण कार्यक्रमका लागी विभिन्न वातावरणीय व्यवस्थापन

आफ्नो जिल्लामा रहेका उच्च जोखिम तथा मध्य जोखिम क्षेत्रहरुमा रहेका विभिन्न खाल्टा, खुल्टी पुर्ने, झाडी तथा संकास्पत लामखुट्टे वासस्थान नस्ट गर्न आर्थिक कार्यविधि ऐन २०५५, नियमावली २०६४, सार्वजनिक खरिद ऐन २०६३ र निवमावली २०६४ एवं अर्थ मन्त्रलयको खर्च संवन्धी नम्सको एवं प्रचलित ऐन कानुनको परिधि भित्र रही खर्च गर्नु पर्ने छ ।

संलग्न निर्देशिका बमोजिम कार्यक्रम संचालन गरी यस महाशाखाको औलो कार्यक्रम शाखामा निम्न लिखित कागजातहरु उपलब्ध गराइ दिनु हुन अनुरोध गरिन्छ ।

## ९ डेंगू तथा चिकन गुनिया रोग नियन्त्रण गर्न लामखुट्टेको वास स्थान खोजी गरी लार्भा नष्ट गर्ने अभियान संचालन गर्ने

जिल्लाका प्रभावित क्षेत्रका सरकारी तथा गैरसरकारी संघ संस्थासंग समन्वय गरी थप आर्थिक श्रोत जुटाई कार्यक्रम संचालन गर्न सकिनेछ । कार्यक्रम संचालन गर्नु पूर्व कार्यक्रमको फोकल पर्सनले खर्चको निर्देशिका अनुसार खर्चको वाडफाडँ तयार गरि जिल्ला स्वास्थ्य वा जनस्वास्थ्य प्रमुखबाट स्वीकृत गराउने पर्नेछ ।

उक्त कार्यक्रम संचालन गर्नु अगाडी जिल्ला स्तरीय सरोकारवालाहरुको १ दिने

अभिमुखिकरण कार्यक्रम संचालन गर्ने र कम्तीमा दुई देखि चार दिन सम्म कार्यालय प्रमुख/ नगरप्रमुख/गा.वि.स. प्रमुखको नेतृत्वमा स्थानीय स्तरका महिला स्वास्थ्य स्वयंसेवक, टोलसुधार समितीका प्रतिनिधि, सम्वन्धित वार्डका वडा अध्यक्ष, नागरिक समाज, प्रहरी, सेना, व्यापारिक सघ/संस्था राजनितिक दल, पत्रकार समेतको सहभागितामा लामखुट्टेको वासस्थान खोजी गरि लार्भा, प्युपा नष्ट गर्ने अभियान संचालन गर्नु पर्नेछ । सो कार्यक्रम **डेगु तथा चिकनगुनिया ज्वरोको रोगी वारम्वार भेटिएका EndemicAreas र नयाँ स्थानहरुको लागि सो कार्यक्रमलाई प्राथमिकता दिनु पर्ने छ।**

## १० औलो रोगको माहामारी हुन सक्नेक्षेत्रहरुको छनौट गरी बिषादि छर्कने

**छिड्काउका लागि निर्धारित पुर्वाधार :**

सुरक्षित गर्नुपर्ने जनसंख्या अनुसार चाहिने विषादिको परिमाण र छिड्काउ गर्नका लागि आ.व.२०७२/०७३ को चौमासिक रुपमा विनियोजित वजेट रकमको आधारमा परियोजना बनाउने र स्प्रेमेन तथा फोरमेनहरुको ज्यालामा ८० प्रतिशत र अन्यखर्चहरुमा २० प्रतिशत खर्च गर्नु पर्नेछ । तसर्थ सुरक्षित गर्नु पर्ने जनसंख्या मध्ये पनि Malaria/Kala-azar high risk area जिल्लाले आफै निर्धारण गरी जनसंख्या निकाल्ने र बिनियोजित बजेटले भ्याउने गरी (लक्षित जनसंख्यालाई ध्यानमा राखी) छिड्काउ गर्ने जिल्लाहरुले कार्यक्रमको परियोजना तयार गरि स्वीकृत गराई कार्यक्रम संचालन गर्ने ।

क) औलो रोग नियन्त्रणमा बिशेष गरी स्थानिय औलोका रोगीहरु भएको गा.बि.स. अन्तरगतका गाउँहरु जस्तै जंगल भएका क्षेत्रका गाउँहरु, बिकास आयोजना भएका स्थानहरु जसमा बिभिन्न क्षेत्रका मानिसहरु आवागमन गर्दा औलोको प्रसारण हुने संभाबना बढ्छ । तसर्थ त्यस्ता स्थानहरुलाई बिशेष प्राथमिकता दिने ।

ख) ग्लोबलफण्ड सहयोग कार्यक्रम लागु भएका २५ जिल्लाहरुमा दुई ब्यक्ति एक झुलको अबधारणा आएको हुँदा यस बर्ष झुल बितरणमा परेका गा.बि.स.हरुमा छिड्काउ कार्य नगर्ने ।

**छिड्काउ कार्यक्रम संचालन सम्वन्धि थप मार्गनिर्देशन :**

क) चार टिमको एक ग्रुप हुनेछ (एक टिममा एक जना फोरम्यान, चार जना स्प्रे

म्यान रहने छ) प्रत्येक ग्रुपमा एक जना बिषादि बितरक रहनेछ। एक टिमले ३० दिनमा औलोको लागि ३००० र कालाजारका लागि ५००० जनसंख्या सुरक्षित गर्नु पर्नेछ।

ख) स्प्रेईङ्गका लागि आबश्यक पम्प तथा अन्य सरसामान स्प्रे मिति भन्दा अगावै जिल्लाले मर्मत संभार गरी तयारी गर्नु पर्ने।

ग) स्प्रे म्यान भर्ना गर्दा सकेसम्म पुराना अनुभबि ब्यक्तिलाई प्राथमिकता दिने ।

घ) स्प्रे कार्यक्रम संचालन गर्नु पूर्व स्प्रेम्यान, फोरम्यान तथा बिषादि बितरकलाई ३ दिनको तालिम दिनु पर्ने छ।

ङ) परियोजना स्वीकृत गराउँदा जिल्लाले कालाजार तथा औलो प्रभाबित जिल्लाको नक्सामा गा.बि.स. तथा गाउं देखिने गरी तयार पारेको नक्सा,वार्ड वाईज रोगी संख्या, मजदुरलाई बितरण गरिने जिल्लाको स्वीकृत नयां दररेट, बिषादिको मौज्दात Expiry date , चालु पम्पको संख्या, जिल्लामा रहेको औषधिको मौज्दात तथा खर्चको बिबरण आवश्यक पर्नेछ।

छ) पहिलो (विगत) चरणमा भएको स्प्रेईङ्ग प्रतिबेदन एस.पि.४ हुनु पर्नेछ।

ज) स्प्रे कार्यक्रममा खर्च भएको कीट्नाशक बिषादिको खाली खोल मुचुल्का उठाई प्रतिनिधिहरुको रोहबरमा जलाउनु पर्ने छ र सोको माइन्युटिङ्ग समेत अध्याबधिक गरी राख्नु पर्ने छ।

झ) बजेट र कार्यक्रम स्पष्ट खुल्ने परियोजना र विषादि छर्कने कार्यक्रम (SPR 1) तयार गरी पठाउनु पर्नेछ।

**कीटनाशक विषादि छिड्काउका लागि घोल बनाउने तरिका :**छिड्काउका लागि प्रयोग हुने किटनाशक विषादि हेरी एक पम्पमा ८ लिटर पानीमा एक पोका मिसाउनु पर्दछ जसले २०० मिटरलाई कभर गर्नेछ।

**११ शंकास्पद औलो रोगीहरुकोरक्त नमुना संकलन गरी उपचार तथा केशको**

## निगरानी गर्ने

औलो रोगका नयाँ विरामी पत्ता लागेको स्थानमा अन्य व्यक्तिहरुमा समेत सो रोग सर्न सक्ने भएकोले संभावित औलो रोगका विरामीहरुको खोज पडताल गर्न यो रकम खर्च गर्न सकिनेछ । विनियोजित रकम एकै गा.वि.स.वा गाऊँमा एक भन्दा वढि रोगीहरुको रिपोर्ट भएका स्थानहरुमा अरु रोगीहरु पनि पाईने सम्भावना भएकोले रोगको खोजपड्तालालाई प्राथमिकता राखिConfirmed Case Reportingभएको ३ दिन भित्र खोजपड्ताल गर्नु पर्नेछ । रोगी भेटिएको गाउँमा कम्तीमा ५० घर वा केस देखिएको घरको २ कि.मी. वरपर सर्भे गरि औलो रोगीहरुको खोजपड्ताल गर्ने कार्यक्रम संचालन गर्नु पर्नेछ । उक्त कार्यक्रम संचालन गर्दा एक पटकमा बढिमा रु २५०००/ (पच्चिस हजार) सम्म खर्च गर्न सकिने छ । उक्त कार्यक्रम एक स्थानमा बढिमा ३ दिनसम्म गर्न सकिनेछ । यस कार्यक्रममा खटिने स्वास्थ्यकर्मीहरु (Medical officer/RRT Focal Person/Health worker मध्ये १, VCI/VCS मध्ये १ र Lab technician/Lab Assistant मध्ये. १ गरि जम्मा ३ जना रहनेछन् र आवश्यकता अनुसार कार्यालय प्रमुखले अन्य स्वास्थ्यकर्मीहरु समेत खटाउन सक्नेछन् । खटिएका कर्मचारीबाट केशको खोज पडताल फाराम अनिवार्य रुपमा भर्नु पर्नेछ । कार्यक्रममा खट्ने स्वास्थ्यकर्मीहरुलाई नेपाल सरकारको नियमानुसार दै.भ्र.भ. उपलब्ध गराउनु पर्दछ ।

## १२ किटनाशक विषादि छिड्काउ पम्प मर्मत सम्भार गर्ने

कीटनाशक विषादी छिडकाउँ गर्ने पम्पहरु मर्मत तथा सम्भार कार्यक्रम संचालन हुन भन्दा पहिले वजेटको परिधि भित्र रहि मर्मत संभारको लागी खर्च गर्ने साथै सो रकम अन्य मर्मत ⁄सम्भार मा प्रयोग नगर्ने र स्प्रेङ्ग शिर्षकवाट पम्प मर्मत खर्च लेख्न पाईदैन ।

## १३ औलो रोग नियन्त्रणकालागि औषधि तथा झुलहरू जिल्लाबाटविभिन्न स्वास्थ्य संस्थाहरुमा आपुर्ति गर्ने

औलो कार्यक्रम सम्वन्धी विभिन्न औषधीहरु तथा किटनासक झुल जिल्लावाट विभिन्न स्वास्थ्य संस्थामा पुऱ्याउन खर्च गर्ने।

## १४ औलो नियन्त्रणकालागी आवश्यक विभिन्न सामानहरु (प्रयोगशालालाई तथा औलो फाँटको लागी आवश्यक अन्य सामानहरु) खरीद गर्ने

औलो कार्यक्रम तथा प्रयोगशालाको लागी आवश्यक स्टेसनरी सामानहरु खरिद गर्ने, चिठी पत्र पठाउने, फोटोकपी गर्ने, इन्टरनेट खर्च, कुरियर खर्च इत्यादी ।

## १५ औलो नियन्त्रण कार्यक्रमकोसुपरीवेक्षण, अनुगमन एवम् मूल्याङ्कन

औलो फाँटका सुपरभाईजर, औलो इस्पेटर, प्रयोगशालाका कर्मचारी तथा जिल्ला स्वास्थ्य ⁄जन स्वास्थ्यका प्रमुख मध्येवाट औलो कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण हुनु पर्ने छ । साथै स्थलगत सुपरिवेक्षण तथा अनुगमन प्रतिवेद

अनिवार्य रुपमा पेस गर्नु पर्नेछ।

## १६ कालाजार स्प्रेईगः कालाजार हुने जिल्लाका प्रभाबित क्षेत्रमा

क) कालाजारबाट प्रभाबित गा.बि.स./गाउँहरु
ख) एक वा एक भन्दा बढी कालाजारका स्थानिय बिरामी भएका/कालजार रोगी आउन सक्ने संभावना भएका गाउँ वा टोलहरु ।

**छिड्काउ कार्यक्रम संचालन सम्वन्धि थप मार्गनिर्देशन :**

क) चार टिमको एक ग्रुप हुनेछ (एक टिममा एक जना फोरम्यान, चार जना स्प्रे म्यान रहने छ) प्रत्येक ग्रुपमा एक जना बिषादि बितरक रहनेछ । एक टिमले ३० दिनमा औलोको लागि ३००० र कालाजारका लागि ५००० जनसंख्या सुरक्षित गर्नु पर्नेछ ।

ख) स्प्रेईङ्गका लागि आबश्यक पम्प तथा अन्य सरसामान स्प्रे मिति भन्दा अगावै जिल्लाले मर्मत संभार गरी तयारी गर्नु पर्ने ।

ग) स्प्रे म्यान भर्ना गर्दा सकेसम्म पुराना अनुभबि ब्यक्तिलाई प्राथमिकता दिने ।

घ) स्प्रे कार्यक्रम संचालन गर्नु पूर्व स्प्रेमैन, फोरमैन तथा बिषादि बितरकलाई २ दिनको तालिम दिनु पर्ने छ ।

ङ) परियोजना स्वीकृत गराउँदा जिल्लाले कालाजार तथा औलो प्रभाबित जिल्लाको नक्सामा गा.बि.स. तथा गाउं देखिने गरी तयार पारेको नक्सा,वार्ड वाईज रोगी संख्या, मजदुरलाई बितरण गरिने जिल्लाको स्वीकृत नयां दररेट, बिषादिको मौज्दात Expiry date , चालु पम्पको संख्या, जिल्लामा रहेको औषधिको मौज्दात तथा खर्चको बिबरण आवश्यक पर्नेछ ।

छ) पहिलो (विगत) चरणमा भएको स्प्रेईङ्ग प्रगति प्रतिबेदन एस.पि.४ हुनु पर्नेछ ।

ज) स्प्रे कार्यक्रममा खर्च भएको कीट्नाशक बिषादिको खाली खोल मुचुल्का उठाई प्रतिनिधिहरुको रोहबरमा जलाउनु पर्ने छ र सोको माइन्युटिङ्ग समेत अद्यावधिक गरी राख्नु पर्ने छ ।

झ) बजेट र कार्यक्रम स्पष्ट खुल्ने परियोजना र विषादि छर्कने कार्यक्रम (SPR 1) तयार गरी पठाउनु पर्नेछ ।

**कीटनाशक विषादि छिड्काउका लागि घोल बनाउने तरिका :**

छिड्काउका लागि प्रयोग हुने किटनाशक विषादि हेरी एक पम्पमा ८ लिटर पानीमा एक पोका (१० % WP)मिसाउनु पर्दछ जसले २०० मिटरलाई कभर गर्नेछ ।

## १७ कालाजारका रोगीको उपचार तथा केश बेश सर्भिलेंस

कालाजारका नयाँ विरामी पत्ता लागेको स्थानमा अन्य व्यक्तिहरुमा समेत सो रोग सर्न सक्ने भएकोले संभावित कालाजारका विरामीहरुको खोज पडताल गर्न यो रकम खर्च गर्न सकिनेछ । विनियोजित रकम एकै गा.वि.स. ⁄ वार्ड ⁄ गाऊँमा रोगीहरुको रिपोर्ट भएका स्थानहरुमा अरु रोगीहरु पनि पाईने सम्भावना भएकोले रोगको खोजपड्काललाई प्रथमिकता दिई रोगी भेटिएको ऋगिकतभच ⁄ गाउँ ⁄ टोल ⁄ वार्डहरुमा कम्तीमा ५० घर सर्भे गरि कालाजार रोगीहरुको खोजपड्ताल गर्ने कार्यक्रम संचालन गर्नु पर्नेछ । उक्त कार्यक्रम संचालन गर्दा एक पटकमा बढिमा रु २५००० ⁄ (पच्चिस हजार) सम्म खर्च गर्न सकिने छ । उक्त कार्यक्रम एक स्थानमा बढिमा ३ दिनसम्म गर्न सकिनेछ । यस कार्यक्रममा खटिने स्वास्थ्यकर्मीहरु (Medical officer, RRT Focal Person/Health Worker/ VCI/ VCS,Lab technician/Lab Assistant ) गरि ३ जना रहनेछन् र आवश्यकता अनुसार कार्यालय प्रमुखले अन्य स्वास्थ्यकर्मीहरु समेत खटाउन सक्नेछन् । खटिएका कर्मचारीबाट केशको खोज पडताल फाराम अनिवार्य रुपमा भर्नु पर्नेछ । कार्यक्रममा खट्ने स्वास्थ्यकर्मीहरुलाई नेपाल सरकारको नियमानुसार दै.भ्र.भ. उपलब्ध गराउनु पर्दछ ।

## १८ कालाजारका विरामीहरूलाइ यातायात खर्च उपलब्ध गराउने

क. यातायात खर्च रु.१०००। दिइनेछ । उक्त सुविधा नेपाल सरकार अन्तर्गतका स्वास्थ्य संस्थामा आएका बिरामीहरुको लागि मात्र उपलब्ध गराउनु पर्नेछ ।

ख. यो सुविधा प्राप्त गर्न नेपाली नागरिक हुनुपर्नेछ । त्यसको लागि नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी अनिवार्य पेश गनुपर्ने छ । नाबालक भएमा जन्म दर्ता प्रमाण पत्र वा अभिभावकको नागरिकताको प्रमाणबाट पनि भुक्तानी दिन सकिनेछ ।

ग. उक्त रकम तथा LLIN सम्वन्धित विरामी वा अभिभावकले नै बुझेको हुनुपर्नेछ ।

विरामी नाबालक भएमा बिरामीको एकाघरका आमाबाबु वा दाजुभाई वा दिदीबहिनीले पनि बुझ्न सक्नेछन् । यदि उपचारको क्रममा बिरामीको मुत्यु भएमा मुत्यु भएको प्रमाण पत्र पेश गरेमा निजको एकाघरको कुनै सदस्यलाई दिन बाधा पर्ने छैन ।

घ. उक्त यातायात खर्च तथा LLIN उपचार पुरा भईसके पछि मात्र उपलब्ध गराउनु पर्नेछ । यसको लागि उपचार पुरा भएको प्रमाणित उपचार गर्ने स्वास्थ्य संस्थाले गर्नु पर्नेछ ।

ङ. यातायात खर्चको अनुगमन गर्ने पूर्ण जिम्मेवारी सम्वन्धित कार्यालय प्रमुखको हुनेछ ।

च. उक्त खर्च तथा LLIN को पूर्ण प्रतिवेदन प्रत्येक चौमाशिक समाप्त भएको ७ दिन भित्र सम्वन्धित को.ले.नि.का.,क्षे.स्वा.नि. तथा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखामा पठाउनु पर्नेछ । प्रतिवेदन नपठाएमा को.ले.नि.का.बाट अर्को चौमाशिक निकाशा रोक्न सक्नेछ ।

छ. यातायात खर्च तथा LLINनिर्देशिका फारमको ढांचामा जिल्ला आफैंले तयार पारी अध्याबधिक गर्नु पर्नेछ ।

ज. यी माथी उल्लेखित बुंदा पुरा भएका कालाजारका बिरामीहरुलाई यातायात खर्च तथा एक थानLLIN उपलब्ध गराउनुपर्ने छ ।

## १९ महामारि तथा प्रकोप व्यवस्थापन गर्नको लागी जिल्ला स्वास्थ्य कार्यालय जिल्ला तथा पाच वटा क्षेत्रिय स्वास्थ्य निर्देशनालयहरूमा वफर स्टक राख्नको लागि औषधि जन्य सामग्री खरिद

महामारी/प्रकोपको समय शुरु हुनु अगावै जिल्ला विपद व्यवस्थापन समितिको वैठकवाट निर्णय गराई प्रकोप नियन्त्रणको लागि आवस्यक पर्ने औषधी खरीद गरि वफर स्टक राख्ने । औषधीको लागत अनुमान तयार पार्ने कार्यRRT फोकल पर्सनको हुनेछ । यसरी खरिद गरेको औषधीWHO GMP प्राप्त उत्पादकहरु बाट मात्र गर्नु पर्नेछ ।

**राष्ट्रिय हात्तीपाइले (फाईलेरिया) रोग निवारण कार्यक्रम संचालन र खर्च गर्ने नर्म्स आ.व.२०७२/७३**

नेपाल सरकारले हात्तीपाइले रोगलाई देशबाट सन् २०२० भित्र निवारण गर्ने अठोट लिई यस इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा अर्न्तगत सन् २००३ देखि हात्तीपाइले रोग निवारण कार्यक्रम थालनी गरिएको हो । प्रत्येक बर्ष कार्यक्रमलाई बिस्तार गर्दै चालु आ. व. २०७२/०७३ (सन् २०१५/२०१६) मा देशका प्रभावित सबै जिल्लाहरुमा कार्यक्रम संचालन भईरहेको छ । यसरी देशका ६१ जिल्लाहरु रोगबाट प्रभावित रहेकोमा प्रभावित सम्पूर्ण जिल्लाहरु कार्यक्रममा समाबेश भई सकेका छन् । हात्तिपाइले रोग निबारण कार्यका लागि अघि सारीएका २ वटा रणनिति मध्ये रोग सर्ने प्रकृया लाइ रोक्न आम औषधि सेवन कार्य र हात्तिपाइले रोगिहरुको उपचार व्याबस्थापन तथा अपाङ्गता रोग थामका लागि आवश्यक चिकित्सकिय प्रकृया गर्नुपर्ने हुन्छ । यी दुबै कार्य सम्पादन गर्नका लागि जिल्ला, क्षेत्र तथा अस्पतालहरुमा आवश्यक बजेटको बिनियोजन भैसकेको अबस्था छ । बिनियोजित रकम निम्नानुसार बाँडफाँडगरी हात्तिपाइले रोग निबारण अभियान संचालन गर्दा कार्यक्रम प्रभाबकारी, व्यबस्थीत हुने तथा निबारण लक्ष्य सहजै प्राप्त गर्न सकिने आशा गरीएको छ ।

**२० हात्ती पाइलेको औषधि खुवाउने कार्य प्रचार प्रसारका लागि पत्रकार र स्थानीय तहमा अन्तरक्रिया, माइकिङ र स्कुलशिक्षा कार्यक्रम सञ्चालन गर्ने/नेपालमा चलिरहेको हात्ती पाइलेको औषधि खुवाउने कार्य प्रचार प्रसारका लागि पत्रकार, जिल्ला र स्थानीय तहमा अन्तरक्रिया, माइकिङ र स्कुल स्वास्थ्य शिक्षा कार्यक्रम गर्ने**

**क) जिल्ला स्तरीय जनचेतना अभिबृद्धी अर्न्तक्रियात्मक कार्य :**

१. जिल्ला स्तरका सरकारी, गैर-सरकारी कार्यालयका प्रमुख वा प्रतिनिधिहरु, शिक्षक, बिधार्थी, बुद्धिजीवीहरु, ब्यापारी संगठन, प्रहरी, रेडक्रस, बिभिन्न क्लव, बिभिन्न राजनैतिक पार्टीका प्रतिनिधिहरु, महिला संघ, नीजि स्वास्थ्य संस्थाका प्रतिनिधि, बिभिन्न बर्गीय संगठन तथा सामाजिक कार्यकर्ता जस्ता प्रतिनिधि समाबेश हुने गरी करीब ४० जना जतिको सहभागिता गराई कार्यक्रम तथा सेवन गर्नु पर्ने औषधि बाट हुने फाइदा र असर बाट हुन सक्ने प्रभाव आदि बारे जानकारी गराउन एक दिने अर्न्तक्रिया कार्यक्रम गर्नु पर्नेछ । यो अर्न्तक्रिया कार्यक्रम नेपाल सरकारले औषधि खुवाउनका लागि तोकिएको दिन भन्दा कम्तीमा एक हप्ता अगाडी गर्नु पर्नेछ । यस कार्यक्रममा सहभागीलाई दैनिक भ्रमण भत्ता दिइने छैन तर प्रति सहभागीको खाजा वापत रु.१५०।- र

स्टेशनरी वापत रु.१००।- साथै प्रति सहभागी स्थानिय यातायात खर्च ( आतेजाते) बापत रु. ४००।- सम्म खर्च गर्न सकिनेछ । अर्न्तक्रिया कार्यमा बिषयगत प्रस्तुत गर्ने र सहभागीबाट सोधिएका प्रश्नहरुको जवाफ दिनका लागि प्रशिक्षकको रुपमा तीन जना सम्बन्धित बिषयमा तालिम प्राप्त कर्मचारीलाई खटाउनु पर्नेछ । उक्त प्रशिक्षक लाई प्रति ब्यक्ति रु ६००।- , र कार्यालय सहयोगी लाई रु.१५०।- का दरले भुक्तानी दिनु पर्नेछ । । यस कार्यक्रममा लाग्ने प्रशिक्षण सामग्रीमा बढीमा रु ५००।- सम्म, ब्यानरमा बढीमा ५००।- सम्म र हलभाडामा बढीमा रु.१०००।- सम्म यसै शिर्षकमा छुट्टाईएको रकमबाट गर्न सकिने छ ।

जिल्लामा शिक्षासँग सम्बन्धित ब्यक्तिहरु (जिल्ला शिक्षा कार्यालयका प्रतिनिधिहरु, जिल्लामा रहेका क्याम्पसका प्रतिनिधिहरु, बिभिन्न बिद्यालय तथा क्याम्पसका शिक्षक तथा प्राध्यापकहरु, जिल्ला स्तरमा रहेका शिक्षक संघ/संगठन, मञ्च, परिषद आदिका प्रतिनिधिहरु, बिद्यालय तथा क्याम्पस ब्यबस्थापन समितिका प्रतिनिधिहरु, शिक्षा तथा स्वास्थ्यसँग सम्बन्धित तालिम केन्द्रका प्रतिनिधिहरु) करिब ४० जना समावेश गरी अर्न्तक्रियात्मक कार्यक्रम सञ्चालन गर्नु पर्ने छ । सो कार्यक्रममा खर्च गर्ने नर्म्स् माथि यसै शिर्षकको (क) १ मा उल्लेख भए अनुसार नै हुने छ ।

**ख) गा.वि.स./स्थानीय स्तरीय जनचेतना अभिबृद्धि अर्न्तक्रियात्मक कार्य :-**

गा.वि.स.स्तरका सरकारी, गैर-सरकारी कार्यालयका प्रमुख वा प्रतिनिधिहरु, शिक्षक, बिद्यार्थी, बुद्धिजीवीहरु, ब्यापारी बर्ग, प्रहरी, रेडक्रस, बिभिन्न क्लव, बिभिन्न राजनौतिक पार्टीका प्रतिनिधिहरु, महिला संघ, आमा समूह, नीजि स्वास्थ्य ब्यबसायीहरु, सामाजिक कार्यकर्ता आदि बाट प्रतिनिधिहरु समाबेश हुने गरी कम्तीमा ३० जनाको सहभागिता गराई हात्तीपाइले रोग निवारण कार्यक्रम तथा सो रोग बारे र सेवन गर्नु पर्ने औषधिबारे छलफल गर्नु पर्नेछ । यो अर्न्तक्रिया कार्यक्रम नेपाल सरकारले औषधि खुवाउनका लागि तोकिएको दिन भन्दा केहि दिन अगाडी गर्नु पर्नेछ । कार्यक्रममा सहभागीलाई दैनिक भ्रमण भत्ता दिइने छैन तर सहभागीको लागि खाजा खर्च बापत एकमुष्ट रुपमा रु.३,०००।- सम्म खर्च गर्न सकिने ब्यबस्था गरिएको छ । सो अर्न्तक्रिया कार्यक्रम सम्बन्धित गा.वि.स.मा रहेका स्वास्थ्य संस्थामा गर्नु पर्ने र सो स्वास्थ्य संस्थाका ईन्चार्जले बिषयगत प्रस्तुती गर्नु पर्नेछ । यस अर्न्तक्रियामा बिषयगत प्रस्तुतिगर्ने श्रोत ब्यक्तीलाई रु.४००।- र कार्यालय सहयोगीलाई रु.१५०।- का दरले खर्च गर्न सकिने छ ।

गा.बि.स.मा शिक्षासँग सम्बन्धित व्यक्तिहरु (गा.बि.स.मा रहेका क्याम्पस/उच्च माध्यमिक बिद्यालयका प्रतिनिधिहरु, बिद्यालय तथा क्याम्पस ब्यबस्थापन समितिका प्रतिनिधिहरु, गा.बि.समा रहेका प्रत्येक बिद्यालयबाट कम्तीमा १ जना शिक्षकको प्रतिनिधित्व हुने गरी कम्तीमा ३० जना समावेश गरी अर्न्तक्रियात्मक कार्यक्रम सञ्चालन गर्नु पर्ने छ। सो कार्यक्रम सञ्चालन गर्ने प्रक्रिया र खर्च गर्ने नर्म्स् माथि यसै शिर्षकको (ख) १ मा उल्लेख भए अनुसार नै हुने छ।

**ग) नगरपालिका/उप महा नगर पालीका/महा नगरपालीका/स्थानीय स्तरिय जनचेतना अभिबृद्धी अर्न्तक्रियात्मक कार्यक्रम :-**

न.पा./उ म न पा का वार्डहरु समाबेश हुने गरी वार्डकार्यालयका प्रतिनिधिहरु, न.पा./म न पा .मा रहेका राजनैतिक दलका प्रतिनिधि, रेडक्रस प्रतिनिधि, न.पा.का कर्मचारीहरु, न.पा./म न पा .मा रहेका सरकारी कार्यालयका प्रतिनिधि, न.पा./म न पा .का बिद्यालय तथा कलेजका प्रतिनिधि, आमा समुह, महिला संगठनका प्रतिनिधि, सामाजिक कार्यकर्ताहरु समाबेश गरी कम्तीमा ४० जना सम्म सहभागी गराई कार्यक्रम गर्नुपर्ने छ। यस कार्यक्रममा जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयले तोकेका दूई जना श्रोत ब्यक्तीले बिषय बस्तु प्रस्तुत गर्नेछन्। श्रोत ब्यक्तिलाई रु.४००।- र कार्यालय सहयोगी लाई रु.१५०।- का दरले भत्ता दिन सकिने छ। यसैगरी खाजा खर्च वापत एकमुष्ट रुपमा रु.४,०००।-सम्म खर्च गर्न सकिने छ र स्टेशनरी वापत प्रति ब्यक्ति रु.५०।- साथै प्रति सहभागी यातायात खर्च (आतेजाते) बापत रु.२००।- का दरले भुक्तानी दिईने छ। यस कार्यक्रममा लाग्ने प्रशिक्षण सामग्रीमा बढीमा रु ५००।- सम्म यसै शिर्षकमा छुट्टाईएको रकमबाट खर्च गर्न सकिने छ। नगरपालिका नभएका जिल्लाहरुमा जिल्लाका सदरमुकामलाई नगरपालिका सरह नै उक्त जनचेतना अभिबृद्धी अर्न्तक्रियात्मक कार्यक्रमहरु सञ्चालन गरिने छ।

न.पा./उ म न पा .मा शिक्षासँग सम्बन्धित ब्यक्तिहरु (न पा मा रहेका क्याम्पसका प्रतिनिधिहरु, बिद्यालय तथा क्याम्पसका शिक्षक तथा प्राध्यापकहरु, न पा का बिभिन्न बिद्यालय तथा क्याम्पस ब्यबस्थापन समितिका प्रतिनिधिहरु) कम्तीमा ४० जना समावेश गरी अर्न्तक्रियात्मक कार्यक्रम सञ्चालन गर्नु पर्ने छ। सो कार्यक्रम सञ्चालन गर्ने प्रक्रिया र खर्च गर्ने नर्म्स् माथि यसै शिर्षकको (ग) १ मा उल्लेख भए अनुसार नै हुने छ। नगरपालिका नभएका जिल्लाहरुमा जिल्लाका सदरमुकामलाई नगरपालिका सरह नै उक्त जनचेतना अभिबृद्धी अर्न्तक्रियात्मक कार्यक्रमहरु सञ्चालन गरिने छ।

**घ) नगरपालिकाका/उप महानगरपालीका/महानगरपालीका बडा स्तरिय जनचेतना अभिबृद्धी अर्न्तक्रियात्मक कार्यक्रम :-**

न.पा/उ म न पा/म न पा.का प्रत्येक वार्डहरुमा वार्डकार्यालयका प्रतिनिधिहरु, वार्डमा रहेका राजनैतिक दलका प्रतिनिधि, रेडक्रस प्रतिनिधि, वार्डमा रहेका सरकारी कार्यालयका प्रतिनिधि, बिद्यालय तथा कलेजका प्रतिनिधि, आमा समुह, महिला संगठनका प्रतिनिधि, सामाजिक कार्यकर्ताहरु समाबेश गरी कम्तीमा २० जना सम्म सहभागी गराई कार्यक्रम गर्नुपर्ने छ । यस कार्यक्रममा दूई जना श्रोत ब्यक्तिले बिषयबस्तु प्रस्तुत गर्नेछन् । श्रोत ब्यक्तिको ब्यबस्था स्थानीय स्वास्थ्य संस्था वा जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयले गर्ने छ । श्रोत ब्यक्तिलाई प्रति ब्यक्ति रु.४००।- र कार्यालय सहयोगी लाई रु.१५०।- का दरले भत्ता दिन सकिने छ । यसैगरी खाजा वापत एकमुष्ट रुपमा रु.२,०००।- र स्टेशनरी वापत प्रति ब्यक्ति रु.५०।- साथै प्रति सहभागी यातायात खर्च ( आतेजाते) बापत रु.२००।- का दरले भुक्तानी दिईने छ । यस कार्यक्रममा लाग्ने प्रशिक्षण सामग्रीमा बढीमा रु ५००।- सम्म यसै शिर्षकमा छुट्टाईएको रकमबाट खर्च गर्न सकिने छ ।

न.पा/उ म न पा/म न पा को वडा स्तरमा रहेका सबै बिधालय/क्याम्पस बाट १/१ जना शिक्षकको प्रतिनिधित्व हुनेगरी बिधालय/क्याम्पस ब्यवस्थापन समितिबाट समेत प्रतिनिधित्व रहनेगरी कम्तीमा २० जना समावेस गरी अन्तरक्रियात्मक कार्यक्रम संचालन गर्नुपर्ने छ । सो कार्यक्रम सञ्चालन गर्ने प्रक्रिया र  खर्च गर्ने नर्म्स् माथि यसै शिर्षकको (घ) १ मा उल्लेख भए अनुसार नै हुने छ ।

**ङ) स्कूल स्वास्थ्य शिक्षा कार्यक्रम :-**

जिल्ला भित्रका स्कूल तथा कलेजहरुमा हात्तीपाइले (फाईलेरिया) रोग निवारणका बारेमा आबश्यकता अनुसार जिल्ला स्वास्थ्य कार्यालय र स्थानिय स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुबाट स्कूल तथा कलेजहरुमा नै गई स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्नु पर्ने छ । सो कार्यक्रम सञ्चालन गरे बापत प्रति स्कूल स्वास्थ्य शिक्षा कार्यक्रमको रु.४००।- प्रदान गरिने छ । प्राप्त हुने सो रकममा नेपाल सरकारको नियमानुसार १५ % अग्रीम कर कट्टी गरिने छ । सरदरमा प्रति गा.बि.स. ५ वटा, नगरपालिकामा २० वटा, उप-महानगरपालिकामा ३५ वटा र महानगरपालिकामा ७० वटास्कूल स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्नु पर्ने छ । यो कार्यक्रम बर्ष भरी नै सञ्चालन हुने छ ।

**च) पत्रकार सम्मेलन तथा अर्न्तक्रियाः**

जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयले औषधि खुवाउने दिन भन्दा ८–१० दिन अगाडी पत्रकार सम्मेलन गर्नु पर्नेछ । उक्त पत्रकार सम्मेलनमा पत्रकारहरुलाई हात्तीपाइले रोग निवारण कार्यक्रम संचालनको लागि जिल्लामा कार्यरत रहेका बिभिन्न स्तरका स्वास्थ्यकर्मीहरुलाई तालिम दिने काम सम्पन्न भैसकेको, बुथमा तथा घर-घरमा गई स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयं सेवकहरुले प्रत्यक्ष निगरानीमा औषधि खुवाउने कार्य हुन गइरहेको ब्यहोरा उल्लेख गर्नुका साथै यो कार्यक्रम किन आबश्यकपर्‍यो ? हात्तीपाइले रोग के हो ? यसको लागि प्रयोग हुने औषधि चक्कीहरु एवं ती औषधि चक्कीहरु क-कसले कति औषधि चक्की सेवन गर्नु पर्ने हो, कस्ता ब्यक्तिहरुले औषधि सेवन गर्न नहुने, औषधि सेवनबाट हुने फाइदा र यसबाट हुन सक्ने नराम्रो असर ( Side effects), त्यसको ब्यबस्थापन र अन्य सम्बन्धित कार्यहरुबारे बिस्तृत रुपमा जानकारी गराउन आबश्यक छ । उक्त पत्रकार अर्न्तक्रियामा करिब ३० जना विभिन्न मिडियाहरुबाट जस्तै टेलिभिजन, रेडियो, एफ.एम., दैनिक तथा साप्ताहिक पत्रपत्रिका पत्रकारहरुलाई सहभागी गराई अर्न्तक्रिया गर्नुपर्नेछ । प्रति पत्रकार सहभागी व्यक्तिलाई यातायात खर्च (आतेजाते) स्वरुप रु.४००।- को दरले दिइने र त्यस्तै प्रति सहभागीलाई रु.१५०।-को खाजा र रु.१००।- को स्टेशनरी खर्च गर्न सकिनेछ । अर्न्तक्रिया कार्यक्रममा तीन जना श्रोत व्यक्तिलाई रु.६००।- का दरले र कार्यालय सहयोगीलाई रु.१५०।- खर्च गर्न सकिनेछ । यस कार्यक्रममा लाग्ने प्रशिक्षण सामग्रीमा बढीमा रु ५००।- सम्म, ब्यानरमा बढीमा ५००।- सम्म र हलभाडामा बढीमा रु.१०००।- सम्म यसै शिर्षकमा छुट्टाईएको रकमबाट खर्च गर्न सकिने छ । उल्लेख भए अनुसारका पत्रकार अर्न्तक्रिया सुनसरी, झापा, मोरङ, ललितपुर, कास्की, बाके, दाङ, सुर्खेत, डडेलधुरा, डोटी कैलाली र कञ्चनपुरले अर्न्तक्रियामा कम्तिमा ४५ जना पत्रकार सहभागी गराउनु पर्ने छ ।

**छ) कम्यूनिटी माइकिङ्ग :-**

जसमा हात्तिपाइले रोग निबारण कार्यक्रम आम औषधि सेवन अभियानको शन्देस तथा अभियान मितिका बारेमा आफ्नो जिल्लाको प्रत्येक गाउँ, वडा, टोल सम्म पुगी कम्तिमा २ पटक दोहोरिने गरी (दुई राउण्ड) माइकिङ्ग गर्नु गराउनु पर्ने छ । कम्यूनिटी माइकिङ्ग औषधि खुवाउने दिन भन्दा केहि दिन अगाडी देखि शुरु गर्नु पर्नेछ । कम्युनिटी माईकिङ्गका लागि प्रत्येक गा.बि.स. लाई रु.२०००।- का दरले रकम छुट्याईएको छ । यो रकम स्थानीय स्वास्थ्य

संस्था बाट खर्चहुने छ । न पा.को हकमा रु.२०,०००।- र उप महानगरपालिकाको हकमा रु.३५,०००।- सम्म यस शिर्षकमा छुट्याईएको रकमबाट खर्च गर्न सकिने छ माईकिङ प्रभाबकारी रुपमा गर्नको लागि जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयले स्थानिय निकायसंग समन्वयगरी गर्नुपर्ने छ । यसै गरी जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयबाट गरिने माईकिङ, सडक नाटक, ऱ्यालि जस्ता चेतनामूलक कार्यक्रमको लागि बढीमा रु. २५,०००।- सम्म यसै शिर्षकबाट खर्च गर्न सकिनेछ । माथि उल्लेखित परिमाण र निकाय हरुबाट माइकिङमा खर्चहुने रकम मध्ये गा वि स मा छुट्याइएको स्थानिय स्वास्थ्य संस्था मार्फत खर्चहुने रकम रु २,०००।- को गा वि स स्तरमा माइकिङ गर्ने ब्यक्ती/कामदारको पारीश्रमिक प्रतिदिन रु ३१८।- का दरले माइकिङ गर्दा लाग्ने जम्मा ४ दिनको रु १२७२।-, ब्याट्रीमा जम्मा रु ३६८।- सम्म र हाते माइक ४ दिन सम्म भाडामा लिँदा जम्मा रु ३६०।- सम्म गरी खर्च गर्नुपर्ने छ भने जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयबाट न पा, उप म न पा र म न पा को समन्वयमा तथा जिल्ला स्तरमै माइकिङ गर्दा प्रचलित आर्थिक ऐन नियम अनुसार प्रकिया गरी माइकिङ कार्य गर्नु गराउनु पर्ने छ ।

## २१ हात्ती पाइले रोग विरुद्धको औषधि खुवाउने अभियान (एम.डि.ए)को समीक्षा तथा योजना गोष्ठी सञ्चालन गर्ने/जिल्ला स्तरमा सन्चालन हुने हात्ती पाइले रोग विरुद्धको औषधि खुवाउने अभियान (एम.डि.ए)को समीक्षा तथा योजना गोष्ठी

### क) जिल्ला स्तरमा संचालन गरीने योजना तर्जुमा तथा समिक्षा :–

जिल्ला स्तरमा रहेका स्वास्थ्य सम्बन्धि कार्य संचालन गरिरहेका गैरसरकारी संघ/संस्था, प्राइभेट अस्पताल तथा नर्सिङ्गहोमहरु, सरकारी अस्पतालका प्रतिनिधि, प्राथमिक स्वास्थ्य केन्द्र प्रमुख (अनिबार्य उपस्थिति) र जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख लगायत जिल्ला सुपरभाईजरहरु, लेखा , स्टोर र प्रशासनका प्रतिनिधिहरु गरी कम्तीमा २५ जना सम्म सहभागी रहने गरी एक दिन विगतमा एम.डी.ए. संचालन गर्दाको समीक्षा गर्दै अगामी दिनको लागि जिल्ला भरिको योजना बनाउनु पर्नेछ । यस गोष्ठीमा सहभागी हुने प्राविधिक कर्मचारीहरु जिल्ला स्तरमा हुने स्वास्थ्यकर्मी तथा स्वस्थ्य स्वयं सेबिका/स्वयं सेवकहरुको तालिममा प्रशिक्षक हुने हुँदा आवश्यक बिषयगत प्रस्तुतीहरु गरिने छ । यस कार्यक्रममा सहभागीहरुलाई खाजा वापत प्रति व्यक्ति रु.१५०।- र स्टेशनरी वापत प्रति व्यक्ति रु.१००।- सम्म खर्च गर्न सकिनेछ । साथै यस कार्यक्रममा प्राथमिक स्वास्थ्य केन्द्रबाट सहभागी हुने स्वास्थ्यकर्मीहरुको दैनिक

भ्रमण भत्ता तथा यातायात खर्च नेपाल सरकारको नियमानुसार यसै शिर्षकमा छुटयाईएको रकमबाट खर्च गर्नु पर्ने छ । स्थानीय सहभागीहरुको लागि आबश्यकता अनुसार प्रति सहभागी स्थानीय यातायात खर्च बापत बढीमा रु. ४००।- सम्म खर्च गर्न सकिने छ । कार्यक्रममा जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयका प्रमुख एक जना , अस्पताल प्रमुख/मेडिकल अधिकृत एक जना र कार्यक्रमका फोकल पर्सन एक जना गरी जम्मा तीन जना प्रशिक्षक वा श्रोत व्यक्तिको रुपमा रहनेछन । श्रोत व्यक्तिको प्रशिक्षण भत्ता प्रति ब्यक्ति रु.६००।- र कार्यालय सहयोगीलाई रु.१५०।- सम्म खर्च गर्न सकिनेछ । यस कार्यक्रममा लाग्ने प्रशिक्षण सामग्रीमा बढीमा रु ५००।- सम्म, ब्यानरमा बढीमा ५००।- सम्म र हलभाडामा बढीमा रु.१०००।- सम्म यसै शिर्षकमा छुट्टाईएको रकमबाट खर्च गर्न सकिने छ ।

**ख.स्वास्थ्यकर्मीहरुको लागि जिल्ला/क्षेत्र/इलाका/स्थानीय स्तरमा संचालन गरीने योजना तर्जुमा तथा समिक्षा गोष्ठीः**

जिल्ला स्वास्थ्य /जन स्वास्थ्य कार्यालय अर्न्तगतका सबै स्वास्थ्य संस्थाहरुमा काम गर्ने सबै स्वास्थ्यकर्मीहरुको लागि जिल्ला स्वास्थ्य/जन स्वास्थ्य ले हात्तिपाइले रोग निबारण कार्यक्रम आम औषधि सेवन अभियानको पुर्नताजगी अभिमुखिकरणको रुपमा १ दिने योजना तर्जुमा तथा समिक्षा गोष्ठी सञ्चालन गर्नु पर्ने छ । प्रति समूहमा सरदरमा २५ जना स्वास्थ्यकर्मीहरु सहभागी हुने छन् । सो गोष्ठीमा सम्बन्धित स्वास्थ्य संस्थाहरुमा बिगत बर्षमा सञ्चालन गरिएको आम औषधि सेवन कार्यक्रमको समिक्षा गर्दै यस बर्ष सञ्चालन गर्नु पर्ने आम औषधि सेवन अभियानको समग्र योजना तर्जुमा गरिने छ । सो कार्यक्रममा तीन जना प्राबिधिक स्वास्थ्यकर्मीहरु प्रशिक्षक रहने छन् । एक जना कार्यालय सहयोगीले कार्यक्रममा सहयोग गर्ने छन् । श्रोत व्यक्तिको प्रशिक्षण भत्ता कार्यालय सहयोगी भत्ता, स्टेशनरी, खाजा खर्च, प्रशिक्षण सामग्री, ब्यानर र हलभाडा खर्च १(क) मा उल्लेख भए बमोजिम यसै शिर्षकमा रहेको रकमबाट खर्च हुने छ । यस कार्यक्रममा सहभागी हुने स्वास्थ्यकर्मीहरुको दै.भ्र.भ तथा यातायात खर्च नेपाल सरकारको नियम अनुसार यसै शिर्षकबाट उपलब्ध गराउनु पर्ने छ । साथै गोष्ठी संचालन गर्ने स्थान भने सम्बन्धित जिल्ला स्वास्थ्य/जन स्वास्थ्य कार्यालयले यस शिर्षकमा रहेको बजेट सिमा र अभिमुखिकरण तथा अभियान कार्यको प्रभावकारीता लाइ मध्य नजर गर्दै जिल्ला/क्षेत्र/इलाका/स्थानीय स्तर जिल्लाकै अनुकुलतामा तय गरी कार्य गर्नुपर्ने छ ।

## २२ विभिन्न जिल्ला तथा अस्पतालहरुमा हाइड्रोसिलका बिरामीहरुकोअप्रेशन गर्नै / हात्ती पाइले रोग निवारण अभियानमा LSTM/CNTD को प्राविधिक तथा आर्थिक सहयोग

**क) हाइड्रोशिल बिरामीहरुको अप्रेशन गर्ने:**

उल्लेखित उप कियाकलापहरु मध्ये नेपाल सरकारको श्रोतमा रहेको बिभिन्न जिल्ला तथा अस्पतालहरुमा हाइड्रोशिल बिरामीहरुको अप्रेशन गर्ने तथा DFID श्रोतमा रहेको हात्तिपाइले रोग निबारण अभियानमा LSTM/CNTD को प्राबिधिक तथा आर्थिक सहयोग मा जिल्ला तथा अस्पतालहरुमा बिनियोजित रकम हाड्रोशिल अप्रेशन कार्यमै खर्च गरीने छ । सो शिर्षकमा छुट्याइएको रकम मध्ये अस्पताल तथा जिल्लाहरुले रु ५०,०००।-(पचास हजार) सम्म हाइड्रोशिल अप्रेशनको स्थानिय रुपमा प्रचार प्रशारका (हात्तिपाइले रोग निबारण कार्यक्रम अर्न्तगत हाइड्रोशिल अप्रेशन निशुल्क हुने कुरा, अप्रेशन हुने गते, बार, आदि लगाएत) लागि प्रचलित ऐन नियमानुसार खर्च गर्न सक्ने छन् । यसैगरी प्रचार प्रसारमा खर्च हुने रु ५०,०००।- कटाइ बाँकि रहने रकम बाट प्रतिकेश रु ५,०००।- का दरले हाइड्रोशिल अप्रेशन गरीने छ, अप्रेशन गरेको बिरामीको कुनै जटिलता बढेमा पनि यही बाँडफडँ परीधि भित्र रहि ब्याबस्थापन गर्नुपर्ने छ । प्रतिकेश रु ५,०००।- का दरले छुट्याइएको रकम मध्ये हाइड्रोशिल बिरामीको अप्रेशन कार्यका लागि आवश्यक पर्ने औषधि, प्रयोगशाला परिक्षण तथा आवश्यक सामाग्री ( लठ्याउने औषधि, एन्टीबायोटिक, एन्टीसेप्टीक जस्ता औषधिहरु तथा सुचरीङ सेट, कटन, गज, ग्लोभ्स, ब्लेड आदि सामागि्र किन्न, आवश्यक प्रयोगशाला परिक्षण तथा सर्जिकल इन्स्टुमेन्ट, गाउन, ओ टी आदिको स्टेरीलाइजेसन कार्यका लागि इन्धन वा केमिकल खर्च) निर्मलीकरण र खरिद कार्य गर्नका लागि सम्बन्धित अस्पताल वा जिल्ला स्वास्थ्य कार्यालयले रु ३,०००।-(तीन हजार) सम्म खर्च गर्नसक्ने छन् , भने बाँकि रु २,०००।- (दूइ हजार) अप्रेशन गर्ने जनशक्ती लाइ इनसेन्टीभको रुपमा भुक्तान गरीने छ । अप्रेशन गर्ने टिममा निम्नानुसारको जनशक्तीको संयोजन रहने छ । प्रतिकेश छुट्याइएको इनसेन्टीभ एकमुष्ठ रु २,०००।- (दुइ हजार) सम्बन्धित अस्पताल तथा जि स्वा का ले बाँडफाँड स्विकृति गरी बितरण गर्ने छ । हाइड्रोशिल अप्रेशन गर्ने टिम निम्नानुसारको हुने छ ।

**हाइड्रोशिल अप्रेशन गर्ने टिम (५ जना) :**

क) अप्रेशन गर्ने डाक्टर ( Surgeon/MDGP/MO) - १ जना ।

ख)सहयोगि स्वास्थ्यकर्मी (मे अ/ हे अ/स्टाफ नर्स/सि अ हे व/अ हे व/अ न

मी) -३ जना ।
ग) का स/हेल्पर १ जना ।

**जम्मा -५ जना ।**

हाइड्रोशिल अप्रेशन गर्नेकार्य जन स्वास्थ्य कार्यालय काठमाण्डौले त्रि वि शिक्षण अस्पताल, निजामति अस्पताल र विर अस्पताल लाइ पेश्कीको रुपमा रकम उपलब्ध गराइ अप्रेशनका लागि समन्वय गर्ने छ । जिल्ला जन स्वास्थ्य कार्यालय ललितपुरले पाटन अस्पताल लाइ पेश्कीको रुपमा यस शिर्षकको सम्पूण रकम उपलब्ध गराई अप्रेशनमा समन्वय गर्नुपर्ने छ । यसैगरी जिल्ला स्वास्थ्य कार्याालय सुनसरीले जिल्ला अस्पताल र BPKIHS बाट अप्रेशनकार्य गर्नु गराउनुपर्ने छ । सुनसरी जिल्लाले यस शिर्षकमा छुट्याइएको कम्तीमा २/३ (दुइ तिहाइ) रकम BPKIHS लाइ पेश्कीको रुपमा उपलब्ध गराइ अप्रेशन कार्यमा सहयोग गर्नुपर्ने छ । जिल्ला जन स्वास्थ्य कार्यालय जुम्ला ले हाइड्रोशिल अप्रेशनको रकम कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पेश्कीको रुपमा उपलब्ध गराइ अप्रेशन गराउनु पर्ने छ । यसैगरी जिल्ला स्वास्थ्य कार्यालय पाल्पाले आवश्यक्ता भएमा मिसन अस्पताल तानसेन लाइ रकम उपलब्ध गराइ अप्रेशन गराउन सक्ने छ ।

**नोटः निशुल्क अप्रेशन गरेका बिरामीहरुको सम्पर्क र चिनारीहुन सक्ने आधार/प्रमाण समन्धित अस्पताल तथा जिल्ला स्वास्थ्य कार्यालयहरुले राख्नुपर्ने छ ।**

## ख) Morbidity Mapping & MMDP अभिमुखिकरण/तालिम गर्ने तथा तथ्याङ्क संकलन गर्ने :

**जिल्ला स्तरः**हात्तिपाइले रोग निबारण अभियानमा LSTM/CNTD को प्राबिधिक तथा आर्थिक सहयोग बाट अधिकांश जिल्लाहरुमा हाइड्रोशिलको अप्रेशन मात्र गर्ने गरी कार्यकम राखिएको भएता पनि कञ्चनपुर जिल्लामा भने सो रकम बाट हत्तिपाइले रोगको Morbidity Mapping र Mordity Management & Disability Prevention (MMDP) अभिमुखिकरण कार्य मात्र संचालन गरीने छ । Morbidity Mapping र MMDP अभिमुखिकरण/तालिम कार्य धादिङमा पनि गरीने छ, जसमा धादिङका लागि रु २४,०००००।- (चौबिस लाख मात्र) यस कार्यमा छुट्याइएको छ, धादिङ जिल्लाको लागि उल्लेख भएको रकम कटाइ यही श्रोतमा बाँकि हुन आउने रकमबाट यसै उप कियाकलापको क) मा उल्लेख

भएअनुसार हाइड्रोशिल अप्रेशन कार्य पनि गरीने छ । Morbidity Mapping र MMDP तालिममा सम्बन्धित जिल्लाका स्थानिय स्वास्थ्य संस्थाबाट १ जना इन्चार्ज र १ जना अन्य स्वास्थ्य कर्मिलाइ जिल्ला स्वास्थ्य/जन स्वास्थ्य कार्यालयले जिल्ला स्तरमा १ दिनको तालिम प्रदान गर्ने छ । तालिममा प्रति समुह सरदरमा २५ जना सम्म सहभागी गराइने छ । सो तालिम EDCD को प्रतिनिधिको उपस्थितिमा संचालन गरीने छ, जसमा जिल्लाबाट ३ जना प्रशिक्षक ( जिल्ला स्वास्थ्य/जन स्वास्थ्य प्रमुख- १ जना, ल्किनिसियन डाक्टर- १ जना र कार्यक्रम फोकल पर्सन- १ जना ) रहने छन् । कार्यक्रममा सहभागी प्रशिक्षकको प्रशिक्षण भत्ता प्रतिब्यक्ती प्रतिदिन रु ६००।-, सहभागी स्वास्थ्यकर्मीको दैनिक भ्रमण भत्ता तथा यातायात खर्च नेपाल सरकारको नियमानुसार यसै शिर्षकमा छुट्याइएको रकमबाट खर्च गर्न सकिने छ । साथै तालिममा लाग्ने स्टेसनरी तथा खाजा खर्च पनि नेपाल सरकारको नियमानुसार हुनेछ । प्रति समुह ब्यानरका लागि रु ५००।-  खर्चगर्न सकिने छ आवश्यक्ता अनुसार जिल्ला स्तरको स्वास्थ्य कर्मीको तालिममा प्रति समुह हलभाडा वापत बढिमा रु १०००।- सम्म खर्च गर्न सकिने छ, भने Morbidity management र Mordity Mapping सम्बन्धि तालिम सामाग्री EDCD को समन्वयमा विकास गरी जिल्लाले छपाइ गर्ने छ । सो छपाइका लागि प्रति जिल्ला रु ३५,०००।-(पैतिस हजार) खर्च गर्न सकिने छ । साथै Morbidity Data Collection Device खरिद तथा Reporting गर्ने प्रकृयाका लागि प्रति जिल्ला रु २५,०००।- छुट्याइएको छ । तालिम सामाग्री स्वास्थ्यकर्मीको तालिममा १/१ प्रति बितरण गरीने छ ।

**स्थानिय स्तरः** Morbidity Mapping र MMDP सम्बन्धि स्वास्थ्यकर्मीको जिल्ला स्तरीय तालिम पश्चात तालिममा सहभागी २ जना स्थानीय स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीले आपनो कार्यक्षेत्र भित्र पर्ने महिला स्वास्थ्य स्वयम सेविका हरुलाई सोहि बिषयमा १ दिनको तालिम प्रदान गर्ने छन् । तालिम प्राप्त महिला स्वास्थ्य स्वयम सेविका प्रत्येकले आपनो कार्यक्षेत्र भित्र ४ दिन सम्म भ्रमणगरी LF Morbidity को यथार्थ बिबरण संकलन गर्नेछन् र तालिम प्रदान गर्ने स्वास्थ्यकर्मी लाई पेश गर्नेछन् । सम्बन्धित स्वास्थ्यकर्मीले जिल्ला मार्फत केन्द्रमा बिबरण पठाउने छन् । स्थानिय रुपमा स्वयम सेविकाको तालिम प्रदान गर्दा जिल्लाले स्वास्थ्यकर्मिको तालिम संचालन गर्दा सहभागी नभएका सम्बन्धित स्वास्थ्य संस्थाका सबै स्वास्थ्यकर्मीहरु समाबेश हुनेछन् । सो तालिममा प्रशिक्षण दिने २ जना प्रशिक्षकको पारीश्रमिक

नेपाल सरकारको नियमानुसार प्रति ब्यक्ती रु ४००।- का दरले भुक्तान गरीने छ भने सो प्रशिक्षक हरुले तालिम प्राप्त महिला स्वास्थ्य स्वयम सेविका हरुले ४ दिन सम्म गर्ने LF Morbidity तथ्याङ्क संकलन कार्यको आवश्यकता अनुसार स्वयम सेविकाहरुलाइ सहयोग गर्न २ दिन अनुगमन कार्य गर्नुपर्ने छ। अनुगमनकार्य गर्दा स्वास्थ्यकर्मीले दैनिक रु ४००।- स्थानिय यातायात खर्च भुक्तान पाउनेछन् । यसैगरी महिला स्वास्थ्य स्वयम सेविकाहरुले पनि तालिम संचालन को दिन र LF Morbidity तथ्याङ्क संकलनका दिनहरु गरी जम्मा ५ दिनको प्रति दिन रु ४००।- का दरले स्थानिय यातायात खर्च पाउने छन् । स्थानिय रुपमा तालिम संचालनहुँदाका दिन खाजा तथा स्टेशनरी नेपाल सरकारको नियमानुसार सहभागी सबैलाइ प्रदान गरीने छ।

## २३ हात्ती पाइले विरुद्धको औषधि खान योग्य सबै व्यक्तिहरुलाई औषधि खुवाउने (एम्. डी. ए.) र औषधि सेवनबारे परामर्श सेवा दिने

**क) स्थानिय/समुदाय स्तरमा स्वास्थ्य स्वयम सेवकहरुको अभिमुखिकरणः**

आम औषधि सेवन कार्य सञ्चालन गर्न आबश्यक पर्ने स्वास्थ्य स्वयं सेवक ( महिला स्वास्थ्य स्वयं सेविका र"तालिम तथा कार्यक्रम सञ्चालन निर्देशिका - २०७२" अनुसार स्थानीय रुपमा छनौट गरिएका स्वास्थ्य स्वयं सेवकहरु) हरुलाई आम औषधि सेवन अभियानका बारेमा १ दिने अभिमुखिकरण कार्य सञ्चालन गर्नु पर्ने छ । अभिमुखिकरण कार्यक्रम स्थानीय स्वास्थ्य संस्थाहरुले स्थानीय तहमा नै सञ्चालन गर्ने छन् । कार्यक्रममा प्रति समूह सरदरमा २५ जना सहभागी गराउनु पर्ने छ तर २५ जना भन्दा कम स्वयम सेवक परिचालन हुने गा वि स मा परिचालनहुने संख्या मात्र राखि अभिमुखिकरण संचालन गर्नुपर्ने छ । अभिमुखिकरण कार्यक्रम सञ्चालन हुँदाका दिन सहभागीहरुलाई यातायात खर्च बापत प्रति ब्यक्ति रु. ४००।- का दरले उपलब्ध गराईने छ । अभिमुखिकरण कार्यमा स्थानीय स्वास्थ्य संस्थाका प्रमूख ( अनिवार्य) र अन्य दूई जना गरी जम्मा तीन जना प्रशिक्षकहरु रहने छन् प्रशिक्षकको प्रशिक्षण भत्ता प्रति ब्यक्ति रु. ४००।- हुने छ । त्यसै गरी कार्यालय सहयोगी भत्ता रु. १५०।-, स्टेशनरी रु. ५०।-, खाजा खर्च रु. १५०।-, प्रशिक्षण सामग्री रु २००।- यसै शिर्षकमा बिनियोजित रकमबाट खर्च हुने छ । साथै कुनै कारणले १ ख अनुसारको गोष्ठीमा सहभागि हुन छुटेका स्वास्थ्यकर्मी भए यस अभिमुखिकरणमा सहभागी गराउन सकिने छ ।

**ख) औषधि खुवाउने तथा परामर्श सेवा दिने:**

हात्तिपाइले रोग बिरुद्धको आम औषधि सेवन कार्यको योजना तर्जुमा तथा समीक्षा अभिमुखिकरण गोष्ठीमा सहभागि स्थानिय स्वास्थ्य संस्थाका सबै स्वास्थ्यकर्मी तथा आम औषधि सेवन अभियानको अभिमुखिकरणमा सहभागी सबै स्वास्थ्य स्वयं सेवकहरु प्रत्येकले आफु कार्यरत रहेको स्थानमा तथ्यांक नविकरण गर्दै पहिलो दिन टोलको पाएक पर्ने स्थानमा बसी औषधि खुवाउने साथै दोश्रो र तेश्रो दिन घरदैलोमै भ्रमण गरि औषधी आफ्नै प्रत्यक्ष निगरानीमा खुवाउनु पर्नेछ। शहरी क्षेत्रमा रहेका निजी तथा सरकारी अस्पताल तथा पोलिक्लिनिकहरुमा पनि आम औषधि सेवनका ३ दिन सम्म नै बुथ राखि औषधि खुवाउने कार्य सञ्चालन गरिने छ। यसरी यस कार्यको लागि जम्मा ३ दिन दिइएको छ । सो तीन दिनको कार्यका लागी माथि उल्लेख गरिएका स्थानीय स्वास्थ्य संस्थाका सबै स्वास्थ्यकर्मीहरु र उल्लेख भएका सबै स्वास्थ्य स्वयं सेवकहरु लाई परिचालन गरिने छ। सो कार्यमा परिचालन हुँदा स्थानीय यातायात खर्च स्वरुप सबै स्वास्थ्यकर्मीहरु तथा सबै स्वास्थ्य स्वयं सेवकहरुलाई प्रति ब्यक्ति प्रति दिन रु.४००।- प्रदान गरिने छ। अभिमुखिकरण तथा औषधि खुवाउने कार्यको लागी यसै शिर्षकमा बिनियोजित भएको रकमबाट खर्च गर्नु पर्ने छ । आम औषधी सेवन अभियानलाई अझ बढी प्रभावकारी रुपमा सञ्चालन गर्न जिल्लाको आबश्यकता अनुसार जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयहरुले स्कूल, कलेज तथा बिभिन्न कार्यालयहरुमा समेत बुथ राखी औषधि खुवाउने ब्यबस्था यसै शिर्षकमा बिनियोजित बजेटको परिधि भित्र रही मिलाउन सक्ने छन् ।

**नोट : सबै स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयं सेवकहरुको अभिमुखिकरण गोष्ठी एक दिनको हुने छ।**

**औषधि खुवाउने कार्यको अनुगमन र सुपरिवेक्षण प्रा.स्वा.के./जिल्ला स्वास्थ्य कार्यालय/जन स्वास्थ्य कार्यालयले गर्ने छ । अनुगमन र सुपरिवेक्षण प्रयोजनको लागि अनुगमन र सुपरिवेक्षण शिर्षकमा रकम छुट्याईएको छ।**

## २४ हात्ती पाइले रोग निवारण कार्यक्रमको औषधि सेवनबाट गम्भीर असर देखिएकाहरुलाई उपचार गर्ने

हात्तीपाइले रोग निवारण कार्यक्रम अन्तर्गत आम औषधि (Diethylcarbamazine र Albendazole) सेवन गर्नेहरु मध्ये कसैलाई

नराम्रो प्रकारको असर देखिएमा अथवा विरामी गम्भीर हुन गएमा स्थानिय स्वास्थ्य संस्था वा हस्पिटलहरुमा उपचार गराउनु पर्ने हुन्छ सरकारी स्वास्थ्य संस्थाहरुमा सबैजसो उपचार निशुल्क हुनेभएता पनि कहिलेकाहीँ गैरसरकारी निकायमा उपचार गराउनुपर्ने, तथा सरकारी स्वास्थ्य संस्थामै पनि आवश्यक परिक्षणका लागि लाग्ने खर्च तथा निशुल्क औषधि बाहेकका औषधि खरिद गनुपर्ने भएमा हुने खर्च यसै शिर्षकमा छुट्याइएको रकमबाट गरीने छ । प्रति असर ब्याबस्थापनका लागि क्षेत्रिय अस्पतालहरु,उप क्षेत्रिय अस्पतालहरु, अञ्चल अस्पतालहरु तथा क्षेत्रिय स्वास्थय निर्देशनालयहरु लाइ पनि यस शिर्षकमा बजेट बिनियोजन गरीएको छ । क्षेत्रिय,उप क्षेत्रिय तथा अञ्चल अस्पतालहरुले यस शिर्षकमा बिनियोजित रकम मध्ये को ५० प्रतिशत रकम औषधिउपकरणमा, ३० प्रतिशत रकम प्रयोगशाला तथा बिरामी परिक्षणमा, १० प्रतिशत रकम एम्बुलेन्स सेवा, साथै बाँकि १० प्रतिशत रकम थप स्टापहरु डिउटीमा खटाउनुपर्ने भएमा खर्च गर्न सकिने छ । यसैगरी क्षेत्रिय स्वास्थ्य निर्देशनालयले आपनो क्षेत्रभित्र आम औषधि सेवनको समयमा कुनै गम्भीर खालको प्रति असर देखापरी जिल्लाले ब्याबस्थापन गर्न गाह्रोभइ जिल्लाबाट सहयोगको माग भएमा यसै शिर्षकको रकम खर्च गरी आवश्यक ब्याबस्थापन मिलाउने छ । माथिको समुहमा उल्लेख भएका अस्पताल बाहेक बि पि कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान, धरान ( BPKIHS ) र टिकापुर अस्पताल लाइ समेत यस शिर्षकमा रकम छुट्याइएको छ । जुन रकम पनि माथि उल्लेख भएका अस्पतालहरुको खर्च गर्ने बाँडफाँड अनुसारनै गर्नुपर्ने छ । यस शिर्षकको खर्चका लागि BPKIHS को रकम सुनसरी जिल्ला स्वास्थ्य कार्यालयका नाममा रहेकोले सुनसरी जि स्वा का ले रु १,०००००।- (एक लाख मात्र) आम औषधि सेवन कार्य संचालन गर्नु अँगाडीनै पेश्कीको रुपमा BPKIHS मा पठाउनु पर्ने छ ।

## २५ केन्द्रले सञ्चालन गर्ने हात्ती पाइलेबिरुद्धको आम औषधि सेवन अभियानको योजना तर्जुमा तथा समिक्षा गोष्ठीमाजिल्लाबाट भाग लिनेहरुको दैनिक भ्रमण तथा यातायात खर्च

इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले सञ्चालन गर्ने हात्तिपाईले रोग निवारण कार्यक्रमको योजना तर्जुमा तथा समिक्षा गोष्ठीमा क्षेत्रिय स्वास्थ्य निर्देशनालय तथा जिल्ला स्वास्थ्य/जन स्वास्थ्य कार्यालयबाट सहभागी हुँदा सहभागीहरुको दैनिक भ्रमण खर्च तथा यातायात खर्च नेपाल सरकारको नियम

अनुसार यसै शिर्षकमा छुट्याईएको बजेटबाट गर्नु पर्ने छ ।

*नोटः ललितपुर जिल्लाको हकमा आम औषधि सेवन कार्य तथा यस संग सम्बन्धित कियाकलाप उप-महानगर पालीका क्षेत्रमा हुने छैन् ।*

## २६ हात्ती पाइले रोग विरुद्धको औषधि खुवाउने अभियान (एम.डि.ए) मा आर टी आई–एन टी डीबाट आर्थिक तथा प्राविधिक सहयोग

## २७ हात्ती पाइले बिरुद्धको आम औषधी सेवान अभियानको प्रचार प्रसार गर्ने

**क) पत्र-पत्रिकामा बिज्ञापन दिने :-**

सम्बन्धित जिल्ला स्वास्थ्य/जन स्वास्थ्य कार्यालयले आम औषधि सेवन अभियानको सुचना तयार गरी बिज्ञापन सूचना जिल्ला स्तरबाट प्रकाशित हुने पत्रिकाहरुमा दिनु पर्नेछ । आफनो जिल्लाबाट प्रकाशित हुने कुनै पनि पत्रिका नभए छिमेकी जिल्लाबाट प्रकाशित हुने पत्रिकामा दिनु पर्नेछ । पत्रिका दैनिक प्रकाशन हुने भएमा बिज्ञापन दैनिक पत्रिकामा दिनु उपयुक्त हुने छ ।

**ख) रेडियो एफ एम, टेलिभिजनबाट बिज्ञापन प्रसारण :-**

जिल्ला स्वास्थ्य/जन स्वास्थ्य कार्यालयले हात्तिपाइले रोग निबारण कार्यक्रम आम औषधि सेवन कार्यको सुचना तयार पारी स्थानीय रुपमा रहेका रेडियो, एफ एम, टेलिभिजन को प्राइम टाईममा प्रसारण गराउनु पर्नेछ । यो सूचना रेडियो एफ एम, टेलिभिजनबाट औषधी खुवाउने दिन भन्दा कम्तीमा १ हप्ता अगाडी देखि शुरु गर्नु पर्नेछ ।

**यसै गरी क्षेत्रिय स्वास्थ्य निर्देशनालयहरुले पनि आपनो क्षेत्रभित्र हात्तिपाइले रोग निबारण कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्नका लागि छुट्याइएको बजेटको परिधि भित्र रहि प्रचार प्रसारका बिभिन्न माध्यम हरुको उपयोग गर्दै प्रचार प्रसारमा जिल्लाहरुलाइ सघाउनुपर्ने छ ।**

## २८ हात्ती पाइले रोग बिरुद्द को औषधी खुवाउने अभियान कार्यक्रम सुपरिबेक्षण तथा अनुगमन गर्ने

जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयबाट सम्बन्धित बिषयमा ज्ञान तथा

तालिम हासिल गरिसकेका स्वास्थ्यकर्मी औषधि खुवाउने, परामर्श सेवा तथा तालिम कार्यक्रमको स्थलगत निरिक्षण तथा अनुगमन गर्न गराउन जिल्लाका विभिन्न क्षेत्रमा आबश्यकता अनुसार खटाउन पर्ने छ । यसै गरी सोही कार्यक्रमको अनुगमन तथा सुपरीबेक्षण गर्नका लागि प्रा स्वा के बाट कम्तीमा २ जना तालिम प्राप्त स्वास्थयकर्मी खटाउनुपर्ने छ। सो को दै.भ्र.भत्ता भुक्तानी नेपाल सरकारको नियमानुसार अनुगमन तथा सुपरिबेक्षण बजेट शिर्षकबाट हुनेछ । क्षेत्रिय स्वास्थ्य निर्देशनालयले आपनो क्षेत्रभित्र पर्ने जिल्लाहरुमा आम औषधि सेवन अभियानको तयारी, स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयम सेवकहरुको तालिम अस्पतालहरुमा भैरहेको हाइड्रोशिल अप्रेशन कार्य लगाएत समग्र हात्तिपाइले रोग निबारण कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण कार्य आवश्यकता अनुसार यसै शिर्षकमा रहेको बजेट परीधि भित्र रहि गर्नुपर्ने छ ।

## २९ औशधी तथा अन्य सामग्री जिल्ला बाट गा बि स सम्म ढुवानी गर्ने स्वयम सेबक लाई झोला तथा ब्यानर बनाउने

**क. औषधि र सर सामानको ढुवानी :**

जिल्लाबाट सम्बन्धित गा.बि.स. तथा न.पा. हरुमा औषधि तथा अन्य आबश्यक सरसामानहरु ढुवानी तथा प्याकिङ गर्नको लागि जिल्लालाई एकमूष्ठ रुपमा बजेट छुट्टयाईएको छ । नेपाल सरकारको नियमानुसार जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयले औषधि तथा सरसामानको आबश्यक ढुवानी तथा ब्यबस्थापन गर्नु पर्ने छ। सो को लागि यसै शिर्षकमा छुट्टयाईएको बजेट खर्च गर्नु पर्नेछ।

**ख) ब्यानर टाँस गर्ने :**

आम औषधि सेवन सम्बन्धी सन्देशमूलक ब्यानर तयार गरी मानिसहरुको बढी आवतजावत हुने सार्बजनिक स्थानमा सबैले देख्ने गरी टाँस गर्नु पर्ने छ । ब्यानर प्रत्येक गा.बि.स.मा १/१ वटा, न.पा/ उ म न पा/म न पा का प्रत्येक वडामा १/१ वटा स्थानहरुमा राख्नु पर्ने छ । ब्यानरको साईज तथा लेख्ने सूचना सम्बन्धित जिल्ला स्वास्थ्य/जन स्वास्थ्य कार्यालयले नै तय गर्ने छन । प्रति ब्यानर बढीमा रु. १२००।- सम्म खर्च गर्न सकिने छ । औषधि खुवाउने दिन भन्दा कम्तीमा २ हप्ता अगाडी नै ब्यानर टाँस गर्नु पर्ने छ ।

**ग) झोला :**

सम्बन्धित जिल्ला स्वास्थ्य/जन स्वास्थ्य कार्यालयले हात्तीपाइले रोग निवारण

कार्यक्रम बारे सूचना समेत छपाईका साथ झोला तयार गरी प्रत्येक स्वास्थ्यकर्मी/स्वास्थ्य स्वयं सेवकलाई १/१ थान बितरण गर्नु पर्नेछ । उनीहरुले यस झोलामा औषधि चक्कीहरु, रजिष्टर, कापी, कलम र अन्य आफूलाई आबश्यक पर्ने बस्तुहरु राख्न प्रयोग गर्दछन् । यो झोला उनीहरुलाई कार्यक्रम संचालन बारे दिइने तालिम तथा अभिमुखिकरण पश्चात बितरण गर्नु पर्नेछ । यो झोला जिल्लामा आम औषधि सेवन कार्यमा खटिने सबै स्वास्थ्यकर्मी, स्वास्थ्य स्वयं सेवकहरु तथा जिल्लाको योजना तर्जुमा र समिक्षा गोष्ठीमा सहभागीहरुलाई उपलब्ध गराउनु पर्ने छ । यो झोला खरिद गर्नको लागि प्रति झोला रु.१५०।- का दरले खर्च गर्न सकिने गरी यसै शिर्षकमा बजेट विनियोजिन गरिएको छ ।

**घ) जिल्ला स्तरीय समन्वय समिति तथा यस अभियानसँग सम्बन्धित भैपरी आउने मिटिङ खर्च र जिल्लाको हात्तिपाइले रोग निबारण कार्यक्रमको हालको अवस्था बारेमा प्रकाशन :**

यस हात्तिपाईले रोग निवारण आम औषधि सेवन अभियान सम्पन्न गर्न जिल्ला स्तरमा रहेको जिल्ला स्तरीय समन्वय समितिको तथा हात्तिपाइले रोग निबारण कार्यक्रमका अन्य आबश्यक बैठकहरु बस्नु पर्ने अबस्थामा बैठक बस्दाका समयमा नेपाल सरकारको नियम अनुसार हुने गरी खाजा खर्च पनि यसै शिर्षकमा बिनियोजित रकमबाट गर्न सकिने छ । साथै सम्बन्धित जिल्लामा हालसम्म हात्तिपाइले रोग निबारण कार्यक्रममा भएगरेका क्रियाकलापहरु लाइ समेटी हात्तिपाइले रोगको अबस्था हालसम्मको प्रगति समाबेशगरी पुस्तक प्रकाशन गर्नुपर्ने छ, जसकालागि आवश्यक बजेट समेत यसै शिर्षकमा राखिएको छ ।

**नोटः- माथि उल्लेखित उप क्रियाकलापहरुमा बिनियोजित बजेट रकम फरक फरक श्रोतको रहेता पनि खर्च गर्ने मापदण्ड भने एकै खालको तथा एउटै प्रकृया बाट हुने छ । उल्लेखित मापदण्ड अनुसार तोकिएको कार्य सम्पादन भइ रकम रहेको अवस्थामा हात्तिपाइले रोग निबारण कार्यक्रम आम औषधि सेवन कार्य अझ प्रभाबकारी हुने कुनै शिर्जनशिल एउटा नयाँ क्रियाकलाप "अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका निर्देकि २०७०", "सार्बजनिक खरिद ऐन, नियमावली "तथा "आर्थिक कार्यबिधि" संग नबाझिने गरी सम्बन्धित जिल्ला स्वास्थ्य/जन स्वास्थ्य कार्यालयले सम्पादन गर्न सक्ने छन् ।**

## आ.ब. २०७२/७३ (सन् २०१६) को हात्तिपाईले रोग निवारण कार्यक्रमको अभिमुखिकरण र आम औषधि सेवनअभियानमा जिल्लाअनुसार परिचालनहुने जनशक्तिको लक्ष्य बिवरण

| सि.नं. | जिल्ला | योजनातर्जुमा तथा समिक्षा गोष्ठीमा सहभागीहुने तथा आम औषधि सेवनमा परिचालन हुने स्वास्थ्यकर्मीहरुको जम्मा संख्या | आम औषधि सेवनअभियानको अभिमुखिकरणमा सहभागी हुने तथा औषधि खुवाउने कार्यमा परिचालन हुने स्वास्थ्य स्वयम सेवकहरुको संख्या |
|---|---|---|---|
| १ | भोजपुर | ४३५ | ११०३ |
| २ | धनकुटा | २७० | ११४४ |
| ३ | ईलाम | ३५४ | १९२५ |
| ४ | झापा | ३८४ | ३७४९ |
| ५ | मोरङ | ४८९ | ४५७८ |
| ६ | ओखलढुङ्गा | ३६९ | ८८४ |
| ७ | पाँचथर | ३०० | १३५३ |
| ८ | सप्तरी | ७६२ | २९८८ |
| ९ | सिराहा | ७१४ | २९७३ |
| १० | सुनसरी | ३८७ | ३४७३ |
| ११ | तेह्रथुम | २३४ | ७८० |
| १२ | उदयपुर | ३०९ | १८६२ |
| १३ | ललितपुर | ३३० | १९२६ |
| १४ | बाग्लुङ्ग | ४२३ | १६६५ |
| १५ | कपिलबस्तु | ५१३ | २७५७ |
| १६ | लमजुङ्ग | ४०८ | ११४४ |
| १७ | म्याग्दी | २७९ | ७८० |
| १८ | पर्बत | ३७२ | १०४० |
| १९ | बाँके | ३३९ | २२८० |
| २० | बर्दिया | २५५ | २०८१ |
| २१ | दैलेख | ४११ | १५२५ |
| २२ | दाङ्ग | २९१ | २५८० |

| | | | |
|---|---|---|---|
| २३ | जाजरकोट | २५२ | ९९८ |
| २४ | रोल्पा | ३५४ | १३१३ |
| २५ | रुकुम | ३०६ | १२१९ |
| २६ | सल्यान | ३३० | १४०८ |
| २७ | सुर्खेत | ३७२ | २०८२ |
| २८ | अछाम | ४९२ | १४९१ |
| २९ | बैतडी | ४५० | १४५८ |
| ३० | बझाङ्ग | ३३० | ११३४ |
| ३१ | बाजुरा | २०१ | ७८३ |
| ३२ | डडेलधुरा | १८९ | ८१८ |
| ३३ | दार्चुला | २८५ | ७७१ |
| ३४ | डोटी | ३५४ | १२२५ |
| ३५ | कैलाली | ३५२ | ३५६१ |
| ३६ | कञ्चनपुर | १८३ | २०५५ |
| **जम्मा** | | १३०७८ | ६५६७८ |

**सम्पर्क ठेगाना**

**इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा**

**टेकु, काठमाण्ड, नेपाल**

**फोन नं. : ०१–४२५५७९६**

**फ्याक्स : ०१–४२६२२६८**

**इमेल : edcdteku@gmail.com**

**वेब** : www.edcd.gov.np